# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, फागुन २० गते, २०८० साल (अतिरिक्ताङ्क ५७(क)


## भाग ३

## सङ्घीय संसद सचिवालयको

## सूचना

### राष्ट्रिय सभा (दोस्रो संशोधन) नियमावली, २०८०

**प्रस्तावनाः** राष्ट्रिय सभा नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १०४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सभाले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "राष्ट्रिय सभा (दोस्रो संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २ मा संशोधनः** राष्ट्रिय सभा नियमावली, २०७५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) खण्ड (क) मा रहेको "पर्छ" भन्ने शब्दपछि "र सो शब्दले सभाको बैठकको हकमा सो बैठकको अध्यक्षता गरिरहेको उपाध्यक्ष वा सदस्यलाई समेत जनाउँछ" भन्ने शब्दहरू थपिएका छन्।

(२) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) "अधिवेशन" भन्नाले संविधानको धारा ९३ बमोजिम राष्ट्रपतिबाट आह्वान हुने सङ्घीय संसदको दुवै सदनको अधिवेशन वा राष्ट्रिय सभाको अधिवेशन सम्झनु पर्छ।"

(३) खण्ड (घ) र (ङ) को सट्टा देहायका खण्ड (घ) र (ङ) राखिएका छन्:-

“(घ) “टेबुल” भन्नाले यस नियमावली बमोजिम सभामा पेश हुने प्रस्ताव र सम्बन्धित कागजात सभालाई जानकारी दिन प्रयोग गरिने सदनको टेबुल सम्झनु पर्छ र सो शब्दले सदन समक्ष कुनै कागजपत्र वा विवरण पेश गर्ने कार्यलाई समेत जनाउँछ।”

(ङ) “पदाधिकारी” भन्नाले अध्यक्ष, उपाध्यक्ष, सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको संसदीय दलको नेता, सभामा विपक्षी दलको नेता, मुख्य सचेतक, प्रमुख सचेतक, समितिको सभापति र सचेतक सम्झनु पर्छ।”

(४) खण्ड (ज) मा रहेका “वा सदस्य” भन्ने शब्दहरूपछि “वा नियम १२४क. बमोजिमको सदस्य” भन्ने शब्दहरू थपिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) खण्ड (ठ) को सट्टा देहायका खण्ड (ठ) राखिएको छः-

"(ठ) "मर्यादापालक" भन्नाले सभा, समिति, सङ्घीय संसद र सचिवालय परिसरको सुरक्षा व्यवस्था तथा संसदीय मर्यादा कायम राख्न खटिएको सुरक्षाकर्मी सम्झनु पर्छ।"

(६) खण्ड (फ) पछि देहायको खण्ड (फ१) थपिएको छः-

"(फ१) "सभा" भन्नाले राष्ट्रिय सभा सम्झनु पर्छ।"

(७) खण्ड (भ) को सट्टा देहायको खण्ड (भ) राखिएको छः-

"(भ) "समिति" भन्नाले परिच्छेद-१८ र परिच्छेद-१९ बमोजिम गठन हुने समिति सम्झनु पर्छ।"

**३.** **<u>मूल नियमावलीको नियम ३ मा संशोधन</u>**ः मूल नियमावलीको नियम ३ को,-

(१) उपनियम (१) मा रहेको "दिनेछ" भन्ने शब्दपछि "र सो सूचना अधिवेशनको पहिलो बैठकमा अध्यक्षले सभालाई जानकारी गराउनेछ" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (२) मा रहेका "पढेर सुनाउनेछ" भन्ने शब्दहरूको सट्टा "सभालाई जानकारी गराउनेछ" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

"(२क) उपनियम (१) र (२) बमोजिम अधिवेशन आह्वान वा अन्त्य गर्ने प्रयोजनका लागि संविधानको धारा ६६ को उपधारा (२) बमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सिफारिस गर्न प्रधानमन्त्रीले समन्वय गर्दा अध्यक्षले राय परामर्श दिनेछ।"

**४.** **<u>मूल नियमावलीमा नियम ३क. थप</u>**: मूल नियमावलीको नियम ३ पछि देहायको नियम ३क. थपिएको छः-

"३क. **<u>अधिवेशन माग गर्न सक्ने</u>**: (१) सभाको अधिवेशन चालू नरहेको अवस्थामा अधिवेशन बोलाउन वाञ्छनीय छ भनी सभाको सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाइ सदस्यहरूले अध्यक्षलाई लिखित रूपमा अनुरोध गर्न सक्नेछन्।

(२) उपनियम (१) बमोजिम अनुरोध भई आएमा सो सम्बन्धमा अध्यक्षले संविधानको धारा ९६ को उपधारा (२) बमोजिम राष्ट्रपति समक्ष सिफारिस गर्न प्रधानमन्त्रीसँग आवश्यक समन्वय गर्नेछ।

(३) उपनियम (२) बमोजिम प्रधानमन्त्रीले सिफारिस गरी राष्ट्रपतिबाट अधिवेशन आह्वान भए पश्चात् नियम ३ बमोजिमको कार्यविधि अवलम्बन गरिनेछ।"

**५.** **<u>मूल नियमावलीको नियम ४ मा संशोधन</u>**: मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः-

"४. **<u>सदस्यको उपस्थिति</u>**: (१) बैठकमा आसन ग्रहण गर्नु अघि प्रत्येक सदस्यले बैठक कक्ष बाहिर राखिएको उपस्थिति पुस्तिका वा विद्युतीय उपस्थिति उपकरणमा उपस्थिति जनाउनु पर्नेछ।

(२) बैठकमा सदस्यको उपस्थिति सम्बन्धी जानकारी सचिवालयले विद्युतीय माध्यमबाट सार्वजनिक गर्न सक्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **मूल नियमावलीको नियम ५ मा संशोधनः** मूल नियमावलीको नियम ५ को उपनियम (१) मा रहेको "सदस्यले" भन्ने शब्दपछि "कार्यव्यवस्था परामर्श समितिको परामर्शमा" भन्ने शब्दहरू थपिएका छन्।

७. **मूल नियमावलीको नियम ६ मा संशोधनः** मूल नियमावलीको नियम ६ को उपनियम (४) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "लिखित निर्देशन" भन्ने शब्दहरूको सट्टा "अख्तियारी" भन्ने शब्द राखिएको छ।

८. **मूल नियमावलीको नियम ७ मा संशोधनः** मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) अध्यक्षको पद रिक्त भएमा उपाध्यक्षले तोकेको दिनमा अध्यक्षको निर्वाचन हुनेछ र त्यसको सूचना महासचिव वा निजको अनुपस्थितिमा सचिवले प्रकाशन गर्नेछ।

तर उपाध्यक्षको पद समेत रिक्त भएमा उमेरको हिसाबले सभाको ज्येष्ठ सदस्यले अध्यक्षको निर्वाचनको दिन तोक्नेछ।"

(२) उपनियम (२) मा रहेको "महासचिवलाई" भन्ने शब्दपछि "वा निजको अनुपस्थितिमा सचिवलाई" भन्ने शब्दहरू थपिएका छन्।

(३) उपनियम (५) पछि देहायको उपनियम (५क) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(५क) उपनियम (५) बमोजिमको प्रस्ताव सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट पारित हुन नसकेमा बढी मत प्राप्त गर्ने दुई जना उम्मेदवारको बीचमा पुनः निर्वाचन हुनेछ।"

(४) उपनियम (७) मा रहेका "त्यस पछिको" भन्ने शब्दहरू झिकिएका छन्।

**९.** **<u>मूल नियमावलीको नियम ८ मा संशोधनः</u>** मूल नियमावलीको नियम ८ को,-

(१) उपनियम (२) मा रहेको "महासचिवले" भन्ने शब्दपछि "वा निजको अनुपस्थितिमा सचिवले" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (३) मा रहेको "महासचिवलाई" भन्ने शब्दपछि "वा निजको अनुपस्थितिमा सचिवलाई" भन्ने शब्दहरू थपिएका छन्।

**१०.** **<u>मूल नियमावलीमा नियम ८क. थपः</u>** मूल नियमावलीको नियम ८ पछि देहायको नियम ८क. थपिएको छः-

"८क. **<u>निर्वाचनको अवधि</u>**: अध्यक्ष वा उपाध्यक्षको पद रिक्त भएमा पद रिक्त हुँदाका बखत अधिवेशन चलिरहेको भएमा पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र र अधिवेशन नचलेको भएमा त्यसपछि अधिवेशन सुरू भएको मितिले पन्ध्र दिनभित्र निर्वाचन गरी सक्नु पर्नेछ।

तर उपाध्यक्षको पद रिक्त हुँदाका बखत अध्यक्षको पद समेत रिक्त रहेमा अध्यक्षको निर्वाचन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको मितिले पन्ध्र दिनभित्र उपाध्यक्षको निर्वाचन गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन।"

**११.** **मूल नियमावलीको नियम १० मा संशोधनः** मूल नियमावलीको नियम १० को उपनियम (१) मा रहेका "बढीमा एक जना महिला सहित तीन जना" भन्ने शब्दहरूको सट्टा "प्रत्येक दुई वर्षमा सभाका सदस्यको समावेशिता समेतका आधारमा कम्तीमा दुई जना महिला सहित पाँच जना" भन्ने शब्दहरू राखिएका छन्।

**१२.** **मूल नियमावलीको नियम ११ मा संशोधनः** मूल नियमावलीको नियम ११ को स्पष्टीकरण खण्डमा रहेको "कुराहरूलाई" भन्ने शब्दको सट्टा "विषयहरूलाई" भन्ने शब्द राखिएको छ।

**१३.** **मूल नियमावलीको नियम १२ मा संशोधनः** मूल नियमावलीको नियम १२ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) अध्यक्षको निर्देशन अनुसार महासचिव वा निजको अनुपस्थितिमा सचिवले बैठकको कम्तीमा एक दिन अगावै सम्भावित कार्यसूची तयार गर्नेछ। त्यस्तो कार्यसूचीको जानकारी विद्युतीय माध्यमबाट सदस्य र संसदीय दलको कार्यालयलाई उपलब्ध गराउनेछ र बैठक सुरू हुनुभन्दा एक घण्टा अगावै बैठकको कार्यसूची सदस्यलाई उपलब्ध गराउनेछ।

तर विशेष परिस्थितिमा अध्यक्षको निर्देशन अनुसार बैठक बस्ने भएमा वा एकै दिन एक भन्दा बढी बैठक बस्नु पर्ने भएमा सामान्यतया एक घण्टा अगावै बैठकको कार्यसूची तयार गरी त्यसको एक प्रति सदस्यलाई उपलब्ध गराउन बाधा पर्ने छैन।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१४. मूल नियमावलीको नियम १३ मा संशोधन**: मूल नियमावलीको नियम १३ को उपनियम (१) मा रहेको "गरी" भन्ने शब्दपछि "पदेन सदस्य बाहेक बढीमा" भन्ने शब्दहरू थपिएका छन्।

**१५. मूल नियमावलीको नियम १५ मा संशोधन**: मूल नियमावलीको नियम १५ को,-

(१) उपनियम (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर अघिल्लो बैठक र प्रारम्भ हुन लागेको बैठक बीचको अवधिको कुनै गम्भिर प्रकृतिको घटना वा विषयको सन्दर्भमा सरकारको ध्यानाकर्षण गराउन सदस्यले ढ्याप ढ्याप गरी समय माग गरेमा अध्यक्षले आकस्मिक समय उपलब्ध गराउन सक्नेछ।"

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) बमोजिमको आकस्मिक समय, शून्य समय र विशेष समयमा उठेका विषयको जवाफ सम्बन्धित मन्त्रीले सात दिनभित्र सभामा दिनु पर्नेछ।"

**१६. मूल नियमावलीमा नियम १५क. थप**: मूल नियमावलीको नियम १५ पछि देहायको नियम १५क. थपिएको छः-

"१५क. **प्रादेशिक सरोकार समय**: (१) सभाको निर्वाचक मण्डलका रूपमा रहने प्रदेश र स्थानीय तहका सरोकारको विषयमा ध्यानाकर्षण गराउन सभाको बैठक बसेको हरेक महिनाको पहिलो र तेस्रो शुक्रबार प्रादेशिक सरोकार समय रहनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर तत्काल छलफल गर्नु पर्ने देखिएको समसामयिक राष्ट्रिय सरोकारका विषयमा उक्त दिन सभामा छलफल गर्नु पर्ने भएमा अध्यक्षले अर्को कुनै बैठकमा प्रादेशिक सरोकारको समय निर्धारण गर्न सक्नेछ।

(२) प्रादेशिक सरोकार समयमा सदस्यहरूले सङ्घीयता कार्यान्वयन, अन्तरतह समन्वय र सहकार्य, कानून निर्माण, अन्तर सरकारी वित्त हस्तान्तरण एवम् प्रदेश तथा स्थानीय तहका विषयमा सीमित रही धारणा राख्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सदस्यले उठाएका विषयमा सम्बन्धित मन्त्रीले उपनियम (१) बमोजिमको अर्को बैठकमा जवाफ दिनु पर्नेछ।"

**१७. <u>मूल नियमावलीको नियम १६ मा संशोधन</u>**ः मूल नियमावलीको नियम १६ मा रहेको "सचिवलाई" भन्ने शब्दपछि "लिखित वा विद्युतीय माध्यमबाट" भन्ने शब्दहरू थपिएका छन्।

**१८. <u>मूल नियमावलीको नियम १८ मा संशोधन</u>**ः मूल नियमावलीको नियम १८ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) बमोजिम सदस्यलाई उपलब्ध गराउनु पर्ने कागजपत्र वा सूचना प्रत्येक सदस्यसँग सम्बन्धित पिजन होलमा राख्ने वा विद्युतीय माध्यमबाट उपलब्ध गराउने व्यवस्था सचिवले मिलाउनेछ। यसरी पिजन होलमा कागजपत्र वा सूचना राखिएको वा विद्युतीय माध्यमबाट उपलब्ध गराइएको कागजपत्र वा सूचना सदस्यले प्राप्त गरेको मानिनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१९.** **<u>मूल नियमावलीको नियम १९ मा संशोधन</u>**: मूल नियमावलीको नियम १९ को सट्टा देहायको नियम १९ राखिएको छः-

"१९. **<u>बैठकको प्रारम्भ</u>**: तोकिएको समयमा जनाउ घण्टी बज्नेछ र बैठक कक्षमा राष्ट्रिय धुन बजेपछि बैठकको प्रारम्भ हुनेछ।"

**२०.** **<u>मूल नियमावलीको नियम २० मा संशोधन</u>**: मूल नियमावलीको नियम २० को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) बैठक कक्षमा अध्यक्षको प्रवेश हुँदा सबैले उठेर सम्मान प्रकट गर्नु पर्ने,"

(२) खण्ड (ग) मा रहेको "बैठकबाट" भन्ने शब्दको सट्टा "बैठक कक्षबाट" भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (घ) मा रहेका "बैठकमा भाग लिने सदस्यले बोल्दा" भन्ने शब्दहरू झिकिएका छन्।

(४) खण्ड (ञ) मा रहेको "गर्न र रेकर्ड गर्न नहुने" भन्ने शब्दहरूको सट्टा "गर्न, रेकर्ड गर्न नहुने र मोबाइल मौन अवस्थामा राख्नु पर्ने" भन्ने शब्दहरू राखिएका छन्।

**२१.** **<u>मूल नियमावलीको नियम २१ मा संशोधन</u>**: मूल नियमावलीको नियम २१ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) कसैलाई उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

होच्याउने वा अरु कुनै किसिमले असर पर्ने गरी बोल्न वा असंसदीय शब्द प्रयोग गर्न नहुने,"

२२. **मूल नियमावलीको नियम २३ मा संशोधनः** मूल नियमावलीको नियम २३ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) कुनै सदस्यले असम्बद्ध कुरा बोलिरहेमा वा आफ्नो वा अरू कसैको तर्कलाई बारम्बार दोहोऱ्याइरहेमा अध्यक्षले निजलाई वक्तव्यप्रति ध्यान आकर्षित गर्दै विषयकेन्द्रित भई भनाई राख्न आग्रह गर्न सक्नेछ।"

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) उपनियम (२) बमोजिम आग्रह गर्दा समेत विषयकेन्द्रित भई भनाई नराखेमा त्यस्तो सदस्यलाई बोल्न रोक्न आदेश दिन सक्नेछ र त्यस्तो आदेश हुनासाथ निजले बोल्न रोकी आफ्नो स्थान ग्रहण गर्नु पर्नेछ।"

२३. **मूल नियमावलीको नियम २४ मा संशोधनः** मूल नियमावलीको नियम २४ को उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "कुनै छलफल गर्न पाइने छैन" भन्ने शब्दहरूको सट्टा "छलफल हुने छैन" भन्ने शब्दहरू राखिएका छन्।

२४. **मूल नियमावलीको नियम २६ मा संशोधनः** मूल नियमावलीको नियम २६ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१) मा रहेको "उठाउन" भन्ने शब्दको सट्टा "गर्न" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (२) मा रहेको "उठाउने" भन्ने शब्दको सट्टा "गर्ने" भन्ने शब्द र "बन्द गर्नु" भन्ने शब्दहरूको सट्टा "रोक्नु" भन्ने शब्द राखिएको छ।

(३) उपनियम (३) मा रहेको "उठाउने" भन्ने शब्दको सट्टा "गर्ने" भन्ने शब्द र "उठाइसकेपछि" भन्ने शब्दको सट्टा "गरेपछि" भन्ने शब्द राखिएको छ।

(४) उपनियम (४) मा रहेको "उठाइएको" भन्ने शब्दको सट्टा "गरेको" भन्ने शब्द राखिएको छ।

**२५. <u>मूल नियमावलीको नियम २९ मा संशोधन</u>**ः मूल नियमावलीको नियम २९ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षलाई मत विभाजनको माग उपयुक्त नलागेमा मत विभाजनको आदेश दिनु भन्दा पहिले "हुन्छ" र "हुन्न" भन्ने सदस्यलाई आ-आफ्नो स्थानमा क्रमशः उठ्न लगाई सङ्ख्या गणना गरी सभाको निर्णय निश्चय गर्न सक्नेछ।

तर कुनै प्रकारको अपाङ्गताका कारण उभिन नसक्ने सदस्यले आफ्नो शारीरिक अनुकूलता अनुसार मत जाहेर गर्न यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन।"

(२) उपनियम (३) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(क) कुनै सदस्यले कुनै कारणवश सो यन्त्र सञ्चालन गर्न असमर्थ भएको जानकारी अध्यक्षलाई गराएमा अध्यक्षले निजलाई सोधी मत गणना गर्न सक्नेछ,"

(३) उपनियम (५) मा रहेको "राख्न" भन्ने शब्दको सट्टा "प्रस्तुत गर्न" भन्ने शब्दहरू राखिएका छन्।

२६. **<u>मूल नियमावलीको नियम ३० मा संशोधन</u>**: मूल नियमावलीको नियम ३० को सट्टा देहायको नियम ३० राखिएको छः-

"३०. **<u>बैठकको सुव्यवस्था</u>**: (१) सभाको बैठकमा मर्यादा कायम गर्न, गराउन अध्यक्षले आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको निर्देशन पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ।

(३) उपनियम (१) बमोजिमको निर्देशन पालना नगरेमा अध्यक्षले त्यस्तो सदस्यलाई आफ्नो व्यवहार नियन्त्रण गर्न चेतावनी दिन सक्नेछ र चेतावनी पाएपछि निजले त्यस्तो व्यवहार तुरुन्त नियन्त्रण गर्नु पर्नेछ।"

२७. **<u>मूल नियमावलीको नियम ३१ मा संशोधन</u>**: मूल नियमावलीको नियम ३१ को उपनियम (१) मा रहेका "नियम ३० बमोजिमको आदेश" भन्ने शब्दहरूको सट्टा "नियम ३० को उपनियम (३) बमोजिमको निर्देशन" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. **<u>मूल नियमावलीको नियम ३२ मा संशोधन</u>**: मूल नियमावलीको नियम ३२ को,-

(१) उपनियम (१) मा रहेको "तोक्न" भन्ने शब्दको सट्टा "सभालाई जानकारी गराउन" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (३) मा रहेका "पाउने छैन" भन्ने शब्दहरूको सट्टा "नपाउने गरी अध्यक्षले तोक्नेछ" भन्ने शब्दहरू राखिएका छन्।

२९. **<u>मूल नियमावलीको नियम ३३ मा संशोधन</u>**: मूल नियमावलीको नियम ३३ को,-

(१) उपनियम (१) मा रहेको "दश" भन्ने शब्दको सट्टा "पन्ध्र" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (२) मा रहेको "वा" भन्ने शब्दको सट्टा "र" भन्ने शब्द राखिएको छ।

(३) उपनियम (४) मा रहेका "यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले बैठकमा अमर्यादित वा आपत्तिजनक व्यवहार गरेको वा बैठक कक्षमा भौतिक हानि नोक्सानी पुऱ्याएको कुरा बैठक सम्पन्न भएपछि अध्यक्षलाई थाहा भएमा अध्यक्षले त्यस्तो सदस्यलाई बढीमा दश दिन" भन्ने शब्दहरूको सट्टा "उपनियम (१) बमोजिमको कार्य भएको भन्ने व्यहोरा अध्यक्षलाई बैठक सम्पन्न भएपछि जानकारी भएमा अध्यक्षले त्यस्तो सदस्यलाई बढीमा पन्ध्र दिन" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**३०.** **<u>मूल नियमावलीको नियम ३६ मा संशोधन</u>**: मूल नियमावलीको नियम ३६ को,-

(१) उपनियम (१) मा रहेको "राष्ट्रिय" भन्ने शब्दको सट्टा "सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठक वा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) र (१ख) थपिएका छन्:-

"(१क) कुनै कारणले प्रतिनिधि सभा नरहेको अवस्थामा नेपाल सरकारको नीति तथा कार्यक्रम वा राष्ट्रपतिबाट सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकमा हुने सम्बोधन सभामा हुनेछ।

(१ख) उपनियम (१) र (१क) बमोजिम राष्ट्रपतिले सम्बोधन गरेपछि बसेको सभाको बैठकमा प्रधानमन्त्रीले सम्बोधनको एक प्रति टेबुल गर्नेछ।"

(३) उपनियम (२) मा रहेका "उपनियम (१)" भन्ने शब्दहरूको सट्टा "उपनियम (१) र (१क)" भन्ने शब्दहरू राखिएका छन्।

**३१.** **<u>मूल नियमावलीको नियम ३७ मा संशोधन</u>**: मूल नियमावलीको नियम ३७ को सट्टा देहायको नियम ३७ राखिएको छ:-

"३७. **<u>धन्यवादको प्रस्ताव</u>**: (१) नियम ३६ बमोजिम गरिएको सम्बोधनको लागि राष्ट्रपतिलाई धन्यवाद ज्ञापन गर्न अध्यक्षले धन्यवादको प्रस्ताव प्रस्तुत गर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रस्तावमा सभाको सहमति भएमा धन्यवादको प्रस्ताव अध्यक्षले राष्ट्रपति समक्ष पेश गर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**३२.** **<u>मूल नियमावलीको नियम ३८ मा संशोधन</u>**ः मूल नियमावलीको नियम ३८ को,-

(१) उपनियम (१) मा रहेका " गरिएको सम्बोधनमा उल्लिखित" भन्ने शब्दहरूको सट्टा "गरिएको सम्बोधन वा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) मा रहेका "राष्ट्रपतिबाट भएको सम्बोधनमा उल्लिखित" भन्ने शब्दहरूको सट्टा "उपनियम (१) बमोजिमको" भन्ने शब्दहरू राखिएका छन्।

**३३.** **<u>मूल नियमावलीको नियम ४० मा संशोधन</u>**ः मूल नियमावलीको नियम ४० को सट्टा देहायको नियम ४० राखिएको छः-

"४०. **<u>प्रश्न सोध्न सकिने</u>**ः (१) नेपाल सरकारको कार्यक्षेत्र एवं उत्तरदायित्वभित्रको सार्वजनिक महत्त्वको कुनै पनि विषयमा बैठकमा लिखित वा मौखिक प्रश्न सोध्न सकिनेछ।

(२) सभाको अधिवेशन प्रारम्भ भएपछि सदस्यले उपनियम (१) बमोजिमको प्रश्न सचिवालयमा दर्ता गराउन सक्नेछ।"

**३४.** **<u>मूल नियमावलीको नियम ४६ मा संशोधन</u>**ः मूल नियमावलीको नियम ४६ को सट्टा देहायको नियम ४६ राखिएको छः-

"४६. **<u>प्रश्नको उत्तर</u>**ः (१) दर्ता भएका मौखिक र लिखित प्रश्नहरू तीन दिनभित्र सचिवले सम्बन्धित मन्त्रीलाई पठाउनेछ।

(२) उपनियम (१) बमोजिमको मौखिक र लिखित प्रश्नका उत्तर प्रश्न प्राप्त भएको मितिले बढीमा पाँच दिनभित्र सम्बन्धित मन्त्रालयले सचिवालयमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपलब्ध गराउनु पर्नेछ। उत्तर प्राप्त भएपछि अध्यक्षले तोकेको बैठकमा मन्त्रीले प्रश्नको उत्तर दिनेछ।

(३) लिखित प्रश्न र उत्तरको प्रति प्रत्येक सदस्यलाई उपलब्ध गराइनेछ।

(४) प्रश्नोत्तर सम्बन्धी अन्य व्यवस्था कार्यव्यवस्था परामर्श समितिको परामर्शमा अध्यक्षले निर्धारण गरे बमोजिम हुनेछ।"

**३५.** **<u>मूल नियमावलीको नियम ४८ मा संशोधन</u>**: मूल नियमावलीको नियम ४८ को खण्ड (ङ) र (ञ) झिकिएका छन्।

**३६.** **<u>मूल नियमावलीको नियम ५० मा संशोधन</u>**: मूल नियमावलीको नियम ५० को,-

(१) उपनियम (२) मा रहेको "सारांशमा" भन्ने शब्दको सट्टा "आशयमा" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छः-

"(५) यस नियम बमोजिम प्राप्त अधिकार अध्यक्षले उपाध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ।"

**३७.** **<u>मूल नियमावलीको नियम ५१ मा संशोधन</u>**: मूल नियमावलीको नियम ५१ को उपनियम (१) मा रहेका "पूरक प्रश्नहरू सोध्न सकिनेछ" भन्ने शब्दहरूको सट्टा "प्रश्नकर्ताले पूरक प्रश्न सोध्न सक्नेछ" भन्ने शब्दहरू राखिएका छन्।

**३८.** **<u>मूल नियमावलीमा परिच्छेद -८क. थप</u>**: मूल नियमावलीको परिच्छेद-८ पछि देहायको परिच्छेद-८क. थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**"परिच्छेद-८क.**

**प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर**

५५क. **प्रत्यक्ष प्रश्न गर्न सकिने**: (१) प्रधानमन्त्री वा निजको कार्यक्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित महत्त्वपूर्ण विषयमा प्रधानमन्त्रीसँग प्रश्न सोधनको लागि अध्यक्षले प्रत्येक महिनाको तेस्रो हप्ताको कुनै एक दिनको बैठकको पहिलो एक घण्टा निर्धारण गर्न सक्नेछ।

तर निर्धारित दिनमा कुनै कारणवश बैठक बस्न नसकेमा अध्यक्षले त्यसपछि लगत्तै बस्ने बैठकको पहिलो एक घण्टाको समय तोक्नेछ।

(२) उपनियम (१) बमोजिम प्रश्न गर्न इच्छुक सदस्यले आफ्नो प्रश्नको विषयको लिखित जानकारी बैठक प्रारम्भ हुनुभन्दा तीन दिन अगावै अध्यक्षलाई गराउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको समयमा अध्यक्षले प्रश्नकर्ता सदस्यलाई प्रश्न सोधन समय दिनेछ।

(४) उपनियम (३) बमोजिम नाम बोलाइएको सदस्यले आफ्नो स्थानमा उभिएर प्रधानमन्त्रीसँग प्रश्न सोध्नेछ।

तर अपाङ्गता भएका व्यक्तिले आफ्नो शारीरिक अवस्था अनुकूल हुने गरी प्रश्न सोधन यस उपनियमले बाधा पुऱ्याउने छैन।

(५) उपनियम (४) बमोजिमको प्रश्नको उत्तर प्रधानमन्त्रीले तत्काल दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) यस नियम अन्तर्गत प्रश्न गर्दा एक दिनको बैठकमा बढीमा सात जना सदस्यले मात्र प्रश्न सोध्न सक्नेछन् र एक जना सदस्यले सोधेको प्रश्नको उत्तर दिइसकेपछि क्रमशः अर्को प्रश्नकर्ता सदस्यको नाम बोलाइनेछ।

तर एक जना सदस्यले एकभन्दा बढी प्रश्न सोध्न पाउने छैन।

(७) यस नियम अन्तर्गत दिइएको उत्तरको सम्बन्धमा सभामा थप छलफल गरिने छैन।

५५ख. **<u>प्रश्न सम्बन्धी शर्त लागू हुने</u>**: (१) नियम ४८ मा उल्लिखित प्रश्न सम्बन्धी शर्त र नियम ४९ मा उल्लिखित प्रश्न गर्न नपाइने विषय सम्बन्धी शर्त यस परिच्छेदको हकमा समेत लागू हुनेछ।

(२) नियम ५५क. को उपनियम (२) बमोजिम प्राप्त प्रश्न स्वीकारयोग्य छ वा छैन भन्ने कुराको निर्णय नियम ५० बमोजिम हुनेछ।

(३) प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी अन्य कार्यविधि अध्यक्षबाट निर्धारण भए बमोजिम हुनेछ।

५५ग. **<u>प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी कार्यविधि</u>**: प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरका लागि यस परिच्छेदमा उल्लेख भए बाहेकको कार्यविधि परिच्छेद-८ बमोजिम हुनेछ।"

**३९.** **<u>मूल नियमावलीको नियम ५७ मा संशोधन</u>**: मूल नियमावलीको नियम ५७ को उपनियम (१) को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) खण्ड (छ) मा रहेको "समितिको" भन्ने शब्दको सट्टा "समितिमा" भन्ने शब्द राखिएको छ।

(२) खण्ड (झ) मा रहेको "भाषा" भन्ने शब्दपछि "तथा असंसदीय शब्द" भन्ने शब्दहरू थपिएका छन्।

(३) खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छः-

"(झ१) आपराधिक घटना, लैङ्गिक हिंसा तथा विभेद सम्बन्धी विषयमा कानून बमोजिम गोपनीयता कायम राख्नु पर्नेमा नराखिएको विषय,"

**४०. <u>मूल नियमावलीको नियम ६० मा संशोधन</u>**: मूल नियमावलीको नियम ६० को उपनियम (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर दर्ता भएको प्रस्ताव समय सान्दर्भिक एवं उपयुक्त रहेको भनी प्रस्तावक सदस्यले पुनः छलफल गरी पाउँ भन्ने निवेदन दिएमा अध्यक्षले अर्को अधिवेशनमा पेश गर्न अनुमति दिन सक्नेछ।"

**४१. <u>मूल नियमावलीको नियम ६३ मा संशोधन</u>**: मूल नियमावलीको नियम ६३ मा रहेका "लिखित सूचना" भन्ने शब्दहरूको सट्टा "सूचना लिखित वा विद्युतीय माध्यमबाट" भन्ने शब्दहरू राखिएका छन्।

**४२. <u>मूल नियमावलीको नियम ६६ मा संशोधन</u>**: मूल नियमावलीको नियम ६६ को,-

(१) उपनियम (१) मा रहेको “अगावै” भन्ने शब्दपछि “अनुसूची-८ बमोजिमको ढाँचामा” भन्ने शब्दहरू थपिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (३) मा रहेका "प्रस्तावसँग सम्बन्धित मन्त्रीसँग परामर्श गरी" भन्ने शब्दहरू झिकिएका छन्।

(३) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छः

"(३क) उपनियम (३) बमोजिम स्वीकृत प्रस्ताव सम्बन्धित मन्त्रीलाई जानकारी गराइनेछ।"

(४) उपनियम (४) मा रहेका "बढीमा दुई घण्टाको" भन्ने शब्दहरू झिकिएका छन्।

(५) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छः-

"(५) उपनियम (३) बमोजिम स्वीकृत प्रस्ताव सभामा पेश गर्दा प्रस्तावक सदस्यले प्रस्ताव पेश गर्नु पर्नाको कारण सहितको संक्षिप्त वक्तव्य दिनेछ र समर्थक सदस्यले समर्थन गर्नु पर्नाको कारण सहित प्रस्तावको पक्षमा समर्थन गर्नेछ। त्यसपछि अध्यक्षले छलफलमा भाग लिने अन्य सदस्यलाई समय उपलब्ध गराउनेछ।"

(६) उपनियम (६) पछि देहायका उपनियम (७) र (८) थपिएका छन्ः-

"(७) उपनियम (६) बमोजिम मन्त्रीले दिएको जवाफमा चित्त नबुझी थप स्पष्ट हुन चाहने उपनियम (५) बमोजिमका सदस्यले प्रस्तावको विषय र मन्त्रीको जवाफको सीमामा रही एक पटक स्पष्टीकरण माग गर्न सक्नेछ।

(८) उपनियम (७) बमोजिम स्पष्टीकरण माग भएकोमा मन्त्रीले सो विषयमा स्पष्ट पार्नु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**४३.** **<u>मूल नियमावलीको नियम ६७ मा संशोधन</u>**: मूल नियमावलीको नियम ६७ को सट्टा देहायको नियम ६७ राखिएको छः-

"६७. **<u>ध्यानाकर्षण प्रस्ताव</u>**: (१) कुनै सदस्यले सार्वजनिक महत्त्वको विषयमा सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गराउन चाहेमा सोको सूचना लिखित रूपमा वा विद्युतीय माध्यमबाट सचिवलाई दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम ध्यानाकर्षण गराउन चाहने सदस्यले छलफल हुने दिनभन्दा कम्तीमा पाँच दिन अगावै अनुसूची-९ बमोजिमको ढाँचामा सोको सूचना दिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम दर्ता भएको ध्यानाकर्षण प्रस्तावको सूचना अध्यक्षले स्वीकृत गरेमा सम्बन्धित मन्त्रीलाई जानकारी गराइनेछ।

(४) अध्यक्षले तोकेको दिन ध्यानाकर्षण प्रस्तावका प्रस्तावकले सभामा सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गराउनेछ र समर्थक सदस्यले बोलिसकेपछि अन्य सदस्यले छलफलमा भाग लिन सक्नेछन्।

(५) छलफलको अन्त्यमा सम्बन्धित मन्त्रीले जवाफ दिनेछ।

(६) उपनियम (५) बमोजिम मन्त्रीले दिएको जवाफमा चित्त नबुझी थप स्पष्ट हुन चाहने उपनियम (४) बमोजिमका सदस्यले प्रस्तावको विषय र मन्त्रीको जवाफको सीमामा रही एक पटक स्पष्टीकरण माग गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) उपनियम (६) बमोजिम स्पष्टीकरण माग भएकोमा मन्त्रीले सो विषयमा स्पष्ट पार्नु पर्नेछ।

(८) कुनै दिनको लागि दुईवटाभन्दा बढी ध्यानाकर्षण प्रस्तावको सूचना अध्यक्षबाट स्वीकृत भएमा कार्यसूचीमा राखिने दुईवटा ध्यानाकर्षण प्रस्ताव दर्ता क्रम अनुसार निर्धारण गरिनेछ।

तर एउटा बैठकमा एकजना सदस्यले एउटा मात्र ध्यानाकर्षण प्रस्ताव पेश गर्न सक्नेछ।"

**४४.** **<u>मूल नियमावलीको नियम ६८ मा संशोधनः</u>** मूल नियमावलीको नियम ६८ को सट्टा देहायको नियम ६८ राखिएको छः-

"६८. **<u>प्रस्ताव स्वीकृत गर्ने प्रक्रियाः</u>** (१) नियम ६६ र नियम ६७ बमोजिमको प्रस्तावमाथिको छलफल सकिएपछि अध्यक्षले त्यस्तो प्रस्तावलाई सभामा निर्णयार्थ प्रस्तुत गर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रस्ताव सभामा उपस्थित सदस्यको बहुमतबाट स्वीकृत हुनेछ।"

**४५.** **<u>मूल नियमावलीमा नियम ६८क. थपः</u>** मूल नियमावलीको नियम ६८ पछि देहायको नियम ६८क. थपिएको छः-

"६८क. **<u>प्रस्तावको कार्यान्वयनः</u>** (१) नियम ६८ बमोजिम सभाले स्वीकृत गरेको प्रस्ताव कार्यान्वयनका लागि सचिवले नेपाल सरकारको सम्बन्धित मन्त्रीलाई लेखी पठाउनेछ।

(२) उपनियम (१) बमोजिमको कार्यान्वयनको प्रगति विवरण सम्बन्धित मन्त्रीले हरेक वर्षको असार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मसान्त र पुस मसान्तभित्र सचिव मार्फत सभामा पठाउनेछ।

(३) उपनियम (१) बमोजिम पारित प्रस्तावको कार्यान्वयन सम्बन्धमा सभाको सम्बन्धित विषय हेर्ने समितिले अनुगमन गरी सभामा प्रतिवेदन पेश गर्नेछ।"

**४६. <u>मूल नियमावलीको नियम ७० मा संशोधन</u>**: मूल नियमावलीको नियम ७० को उपनियम (३) झिकिएको छ।

**४७. <u>मूल नियमावलीको नियम ७३ मा संशोधन</u>**: मूल नियमावलीको नियम ७३ को,-

(१) उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) मा रहेका "सदस्य वा मन्त्रीबाट" भन्ने शब्दहरूको सट्टा "सदस्यबाट" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (२) मा रहेका "सचिवलाई सूचना दिनु पर्नेछ र" भन्ने शब्दहरूको सट्टा "अनुसूची-१० बमोजिमको ढाँचामा सचिवलाई सूचना दिनु पर्नेछ र सचिवले" भन्ने शब्दहरु राखी सोही उपनियममा रहेको "पनि" भन्ने शब्द झिकिएको छ।

**४८. <u>मूल नियमावलीको नियम ७४ मा संशोधन</u>**: मूल नियमावलीको नियम ७४ मा रहेका "कुनै जरूरी वा सार्वजनिक महत्त्वको विषयमाथि छलफल गर्न बैठक स्थगित गरियोस् भन्ने" भन्ने शब्दहरूको सट्टा "स्थगन" भन्ने शब्द राखिएको छ।

**४९. <u>मूल नियमावलीको नियम ७५ मा संशोधन</u>**: मूल नियमावलीको नियम ७५ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२) उपनियम (१) बमोजिमको प्रस्तावको कुनै सदस्यले विरोध गर्न चाहेमा अध्यक्षसँग समय माग गरी विरोध गर्न सक्नेछ। त्यसरी विरोध भएकोमा अध्यक्षले स्थगन प्रस्तावको समर्थनमा रहने सदस्यलाई उभिन आदेश दिनेछ र छ जना वा सोभन्दा बढी सदस्य उभिएमा प्रस्ताव पेश गर्न बैठकको अनुमति प्राप्त भएको मानिनेछ।"

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) उपनियम (२) बमोजिम स्थगन प्रस्ताव सभामा पेश गर्ने अनुमति प्राप्त हुन नसकेमा सो दिनको निर्धारित कार्यसूचीमा प्रवेश गर्न सकिनेछ।"

**५०.** **<u>मूल नियमावलीको नियम ७७ मा संशोधन</u>**: मूल नियमावलीको नियम ७७ को सट्टा देहायको नियम ७७ राखिएको छः-

"७७. **<u>छलफलको समाप्ति र निर्णय</u>**: (१) प्रस्तावमाथिको छलफल पर्याप्त भएको लागेमा अध्यक्षले छलफल समाप्त भएको घोषणा गर्नेछ र उक्त प्रस्तावलाई बैठकको निर्णयार्थ पेश गर्नेछ।

(२) उपनियम (१) बमोजिमको निर्णय भएपश्चात् सो दिनको निर्धारित कार्यसूचीमा प्रवेश गर्न सकिनेछ।

(३) यस परिच्छेद बमोजिम स्थगन प्रस्ताव पारित भएपछि छलफल भएको अत्यन्त जरूरी सार्वजनिक महत्त्वको विषयको कार्यान्वयनका लागि नियम ६८क. बमोजिमको प्रक्रिया अपनाइनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**५१.** **<u>मूल नियमावलीको परिच्छेद-१२ मा संशोधनः</u>** मूल नियमावलीको परिच्छेद -१२ को परिच्छेद शीर्षक र ठाउँ-ठाउँमा रहेका "सङ्कल्प" भन्ने शब्दको सट्टा "सङ्कल्प प्रस्ताव" भन्ने शब्दहरू, "सङ्कल्पको" भन्ने शब्दको सट्टा "सङ्कल्प प्रस्तावको" भन्ने शब्दहरू, "सङ्कल्पमा" भन्ने शब्दको सट्टा "सङ्कल्प प्रस्तावमा" भन्ने शब्दहरु र "सङ्कल्पमाथि" भन्ने शब्दहरुको सट्टा "सङ्कल्प प्रस्तावमाथि" भन्ने शब्दहरू राखिएका छन्।

**५२.** **<u>मूल नियमावलीको नियम ७८ मा संशोधन</u>**ः मूल नियमावलीको नियम ७८ को उपनियम (१) को खण्ड (ख) मा रहेका "पुनर्विचारका लागि" भन्ने शब्दहरूपछि "वा नयाँ नीति निर्माणका लागि" भन्ने शब्दहरू थपिएका छन्।

**५३.** **<u>मूल नियमावलीको नियम ७९ मा संशोधन</u>**ः मूल नियमावलीको नियम ७९ को,-

(१) उपनियम (१) मा रहेको "सूचना" भन्ने शब्दपछि "अनुसूची-११ बमोजिमको ढाँचामा लिखित वा विद्युतीय माध्यमबाट" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपनियम (१) बमोजिम दर्ता भएको प्रस्ताव सचिवले यथाशीघ्र सम्बन्धित मन्त्रीलाई पठाउनेछ।"

**५४.** **<u>मूल नियमावलीको नियम ८३ मा संशोधन</u>**ः मूल नियमावलीको नियम ८३ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) सङ्कल्प प्रस्ताव सभामा पेश गर्दा प्रस्तावक सदस्यले प्रस्ताव पेश गर्नु पर्नाको कारण सहितको संक्षिप्त वक्तव्य दिनेछ र समर्थक सदस्यले समर्थन गर्नु पर्नाको कारण सहित प्रस्तावको पक्षमा समर्थन गर्नेछ। त्यसपछि अध्यक्षले छलफलमा भाग लिने अन्य सदस्यलाई समय दिनेछ।

तर अध्यक्षको अनुमति लिएर कुनै सदस्यले अन्य कुनै सदस्यलाई आफ्नो सङ्कल्प प्रस्ताव पेस गर्न अधिकृत गर्न सक्नेछ।"

**५५. <u>मूल नियमावलीको नियम ८४ मा संशोधन</u>**: मूल नियमावलीको नियम ८४ को सट्टा देहायको नियम ८४ राखिएको छः-

"८४. **<u>छलफलको समयावधि</u>**: (१) सभामा पेश भएको सङ्कल्प प्रस्तावमाथि छलफल गर्न अध्यक्षले समयावधि निर्धारण गर्नेछ र सदस्यले बोलिसकेपछि सम्बन्धित मन्त्रीले जवाफ दिनेछ।

(२) उपनियम (१) बमोजिम मन्त्रीले दिएको जवाफमा चित्त नबुझी थप स्पष्ट हुन चाहने सदस्यले प्रस्तावको विषय र मन्त्रीको जवाफको सीमामा रही नियम ८३ को उपनियम (१) बमोजिमका सदस्यले एक पटक स्पष्टीकरण माग गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम स्पष्टीकरण माग भएकोमा मन्त्रीले सो विषयमा स्पष्ट पार्नु पर्नेछ।"

**५६. <u>मूल नियमावलीको नियम ८७ मा संशोधन</u>**: मूल नियमावलीको नियम ८७ को सट्टा देहायको नियम ८७ राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"८७. **<u>सङ्कल्प प्रस्तावको कार्यान्वयन</u>**: (१) सभाबाट स्वीकृत भएको सङ्कल्प प्रस्ताव सचिवले कार्यान्वयनका लागि प्रधानमन्त्री र सम्बन्धित मन्त्रीलाई पठाउनेछ।

(२) उपनियम (१) बमोजिमको सङ्कल्प प्रस्ताव कार्यान्वयनको प्रगति विवरण सम्बन्धित मन्त्रीले हरेक तीन महिनामा सचिव मार्फत सभामा पठाउनेछ।

(३) उपनियम (१) बमोजिम पारित प्रस्ताव कार्यान्वयनको सम्बन्धित विषय हेर्ने समितिले अनुगमन तथा मूल्याङ्कन गरी सभामा प्रतिवेदन पेश गर्नेछ।"

**५७.** **<u>मूल नियमावलीको नियम ८८ मा संशोधन</u>**: मूल नियमावलीको नियम ८८ को,-

(१) उपनियम (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर अध्यादेश जारी भएकोमा त्यसपछिको अधिवेशन आह्वान भई सभाको पहिलो बैठक बस्नु अगावै संविधानको धारा ११४ को उपधारा (२) को खण्ड (ख) बमोजिम खारेज भएमा त्यस्तो अध्यादेश सम्बन्धमा सम्बन्धित मन्त्रीले अध्यादेश जारी गरी खारेज गर्नु पर्नाको कारण सहित सभालाई जानकारी गराउनेछ र सो सम्बन्धमा सभामा थप कारबाही हुने छैन।"

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) उपनियम (१) बमोजिम सभामा पेश गरिने अध्यादेशको सूचना सम्बन्धित मन्त्रीले त्यस्तो अध्यादेश



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जारी भएको पन्ध्र दिनभित्र महासचिव वा निजको अनुपस्थितिमा सचिवलाई दिनेछ।

तर अध्यादेश जारी भएको पन्ध्र दिनभन्दा अगावै अधिवेशन आह्वान भएमा सभाको पहिलो बैठक बस्ने दिनभन्दा कम्तीमा तीन दिन अगावै सम्बन्धित मन्त्रीले सोको सूचना दिनु पर्नेछ।"

**५८.** **<u>मूल नियमावलीको नियम ८९ मा संशोधन</u>**: मूल नियमावलीको नियम ८९ को,-

(१) उपनियम (१) मा रहेको "दिनभित्र" भन्ने शब्दपछि "अनुसूची -१२ बमोजिमको ढाँचामा" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (३) मा रहेको "गोलाप्रथाद्वारा" भन्ने शब्दको सट्टा "दर्ता क्रम अनुसार" भन्ने शब्दहरू राखिएका छन्।

**५९.** **<u>मूल नियमावलीको नियम ९० मा संशोधन</u>**: मूल नियमावलीको नियम ९० को उपनियम (१) मा रहेका "प्रस्तावको व्यहोरा पढी" भन्ने शब्दहरूको सट्टा "प्रस्ताव प्रस्तुत गर्नु पर्नाको कारण सहितको" भन्ने शब्दहरू राखिएका छन्।

**६०.** **<u>मूल नियमावलीको नियम ९३ मा संशोधन</u>**: मूल नियमावलीको नियम ९३ को,-

(१) उपनियम (१) मा रहेका "स्वीकृत अध्यादेशको विधेयक पेश गर्नु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "दुवै सभाबाट अध्यादेश स्वीकार भएको मितिले सात दिनभित्र स्वीकृत अध्यादेशको प्रतिस्थापन विधेयक पेश गर्न अनुमति माग्ने सूचना महासचिव वा निजको अनुपस्थितिमा सचिवलाई दिनुपर्नेछ र त्यस्तो विधेयकको नाममा प्रतिस्थापन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विधेयक भनी उल्लेख भएको हुनु पर्नेछ" भन्ने शब्दहरू राखी देहायको स्पष्टीकरण थपिएको छः-

"**स्पष्टीकरण**: यस उपनियमको प्रयोजनको लागि "दुवै सभाबाट अध्यादेश स्वीकार भएको मिति" भन्नाले सङ्घीय संसदको दुवै सदनबाट फरक फरक मितिमा अध्यादेश स्वीकार भएमा पछिल्लो पटक स्वीकार भएको मितिलाई मानिनेछ।"

(२) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः-

"(४) उपनियम (३) बमोजिमको अवधिभित्र प्रमाणीकरण हुन नसकेमा त्यस्तो प्रतिस्थापन विधेयक स्वतः निष्क्रिय हुनेछ।"

**६१. मूल नियमावलीको परिच्छेद-१४ मा संशोधन**: मूल नियमावलीको परिच्छेद -१४ को,-

(१) परिच्छेद शीर्षकमा रहेका "**व्यवस्थापन कार्यविधि**" भन्ने शब्दहरुको सट्टा "**विधायन व्यवस्थापन कार्यविधि**" भन्ने शब्दहरु राखिएका छन्।

(२) ठाउँ-ठाउँमा रहेका "प्रत्यायोजित व्यवस्थापन" भन्ने शब्दहरूको सट्टा "प्रत्यायोजित विधायन" भन्ने शब्दहरू राखिएका छन्।

**६२. मूल नियमावलीको नियम ९४ मा संशोधन**: मूल नियमावलीको नियम ९४ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) संविधान र यस नियमावलीको अधीनमा रही कुनै सदस्यले विधेयक प्रस्तुत गर्न सक्नेछ।"

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपनियम (१) बमोजिम विधेयक प्रस्तुत गर्न चाहने सदस्यले विधेयकको साथमा देहायका कागजात संलग्न गरी त्यसको सूचना कम्तीमा सात दिन अगावै महासचिव वा निजको अनुपस्थितिमा सचिवलाई दिनु पर्नेछः-

(क) विधेयक ल्याउनु पर्नाको उद्देश्य र कारण,

(ख) विधेयकको सैद्धान्तिक अवधारणा,

(ग) विधेयकको दफावार व्याख्यात्मक टिप्पणी वा संशोधन विधेयकको हकमा तीनमहले विवरण,

(घ) नियम ९७ बमोजिमको प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी, र

(ङ) उपनियम (२) बमोजिमको आर्थिक टिप्पणी।

तर सरकारी विधेयकको हकमा पाँच दिन अगाडि सूचना दिनु पर्याप्त हुनेछ।

<u>**स्पष्टीकरण**</u>: यस उपनियमको प्रयोजनका लागि "सदस्य" भन्नाले विधेयक प्रस्तुतकर्ता मन्त्री समेतलाई जनाउँछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) गैरसरकारी विधेयक प्रस्तुत गर्न चाहने सदस्यलाई सचिवालयले आवश्यक सहयोग गर्ने व्यवस्था मिलाउनेछ।"

**६३.** **<u>मूल नियमावलीको नियम ९६ मा संशोधन</u>**: मूल नियमावलीको नियम ९६ मा रहेको "सदनको" भन्ने शब्दको सट्टा "सदनमा" भन्ने शब्द राखिएको छ।

**६४.** **<u>मूल नियमावलीमा नियम ९७क. थप</u>**: मूल नियमावलीको नियम ९७ पछि देहायको नियम ९७क. थपिएको छः-

"९७क. **<u>विधेयकमा सुझावः</u>** (१) नियम ९४ बमोजिम सचिवालयमा दर्ता हुन आएको विधेयकका सम्बन्धमा सर्वसाधारणले लिखित वा विद्युतीय माध्यमबाट सचिवालयमा सुझाव दिन सक्नेछन्।

(२) उपनियम (१) बमोजिमको सुझाव सचिवालयमा विधेयक दर्ता भएको मितिदेखि नियम १०६ को उपनियम (१) बमोजिमको अवधिभित्र दिइ सक्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त सुझाव सचिवालयले सम्बन्धित विधेयकमा दफावार छलफल हुनु अगाडि प्रस्तुतकर्ता सदस्य र अन्य सदस्यलाई वितरण गर्ने व्यवस्था मिलाउनेछ र त्यस्तो सुझावलाई दफावार छलफलको क्रममा विचार गर्न सकिनेछ।"

**६५.** **<u>मूल नियमावलीको नियम ९८ मा संशोधन</u>**: मूल नियमावलीको नियम ९८ मा रहेका "दुई दिन" भन्ने शब्दहरूको सट्टा "दुई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यदिन" भन्ने शब्दहरू र "चार दिनभित्र" भन्ने शब्दहरूको सट्टा "चार कार्यदिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

६६. **<u>मूल नियमावलीको नियम ९९ मा संशोधन</u>**: मूल नियमावलीको नियम ९९ मा रहेको "दिनभित्र" भन्ने शब्दपछि "अनुसूची-१३ बमोजिमको ढाँचामा" भन्ने शब्दहरू थपिएका छन्।

६७. **<u>मूल नियमावलीको नियम १०० मा संशोधन</u>**: मूल नियमावलीको नियम १०० को उपनियम (१) मा रहेको "विधेयक प्रस्तुत गर्ने अनुमतिको सूचना दिएको सात दिन पछिको" भन्ने शब्दहरूको सट्टा "नियम ९४ को उपनियम (१क) बमोजिमको अवधि र नियम ९९ बमोजिमको अवधिमध्ये जुन अवधि पछि समाप्त हुन्छ सो अवधि पछिको" भन्ने शब्दहरू राखिएका छन्।

६८. **<u>मूल नियमावलीको नियम १०१ मा संशोधन</u>**: मूल नियमावलीको नियम १०१ को उपनियम (२) मा रहेको "सक्नेछ" भन्ने शब्दपछि "र त्यस्तो प्रस्ताव तत्काल निर्णयार्थ प्रस्तुत गर्नु पर्नेछ" भन्ने शब्दहरू थपिएका छन्।

६९. **<u>मूल नियमावलीको नियम १०४ मा संशोधन</u>**: मूल नियमावलीको नियम १०४ को,-

(१) उपनियम (१) मा रहेको "भएपछि" भन्ने शब्दको सट्टा "भएपछिको अर्को कुनै बैठकमा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (१) को खण्ड (ख) मा रहेको "विधायन" भन्ने शब्दपछि "व्यवस्थापन" भन्ने शब्द थपिएको छ।

(३) उपनियम (२) मा रहेको "सक्नेछ" भन्ने शब्दपछि "र त्यस्तो प्रस्ताव तत्काल निर्णयार्थ प्रस्तुत गर्नु पर्नेछ" भन्ने शब्दहरू थपिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**७०.** **<u>मूल नियमावलीको नियम १०५ मा संशोधन</u>**: मूल नियमावलीको नियम १०५ को उपनियम (२) झिकिएको छ।

**७१.** **<u>मूल नियमावलीको नियम १०६ मा संशोधन</u>**: मूल नियमावलीको नियम १०६ को उपनियम (१) मा रहेको "सूचना" भन्ने शब्दपछि "अनुसूची-१४ बमोजिमको ढाँचामा" भन्ने शब्दहरू थपी सोही उपनियमको अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर बहत्तर घण्टा पुग्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिन सार्वजनिक बिदा परेको दिनका लागि तोकिएको समयभित्र संशोधनको सूचना दिन यस उपनियमले बाधा पुऱ्याउने छैन।"

**७२.** **<u>मूल नियमावलीको नियम १०७ मा संशोधन</u>**: मूल नियमावलीको नियम १०७ को उपनियम (१) को,-

(१) खण्ड (ङ) को अन्त्यमा रहेको "र" भन्ने शब्द झिकिएको छ।

(२) खण्ड (च) को अन्त्यमा रहेको पूर्णविराम चिन्ह "।" को सट्टा ", र" भन्ने चिन्ह तथा शब्द राखिएका छन्।

(३) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छः-

"(छ) खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) को विषयसँग प्रासङ्गिक हुने सम्बन्धित कानूनको कुनै दफा वा कुनै कानूनी प्रबन्धमा गर्नु पर्ने संशोधनको विषय समेत स्पष्ट खुलाइएको हुनु पर्ने।"

**७३.** **<u>मूल नियमावलीको नियम १०८ मा संशोधन</u>**: मूल नियमावलीको नियम १०८ मा रहेका "संशोधनको सूचीमा राखिनेछ" भन्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शब्दहरूको सट्टा "एकीकृत संशोधन प्रस्ताव तयार पारी प्रस्तुतकर्ता सदस्य र अन्य सदस्यलाई वितरण गरिनेछ" भन्ने शब्दहरू राखिएका छन्।

**७४. <u>मूल नियमावलीको नियम १०९ मा संशोधन</u>**: मूल नियमावलीको नियम १०९ को,-

(१) उपनियम (३) मा रहेको "पर्नेछ" भन्ने शब्दपछि "र मन्त्रीले विधेयकमा प्रस्तावित प्रबन्धको औचित्यबारे स्पष्ट पार्नु पर्नेछ" भन्ने शब्दहरू थपी सोही उपदफाको अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर मन्त्रीको अनुपस्थितिको कारणले मात्र विधेयकमाथि निर्णय गर्न बाधा पर्ने छैन।"

(२) उपनियम (३) पछि देहायका उपनियम (४) र (५) थपिएका छन्ः-

"(४) यस नियम बमोजिम दफावार छलफल विधायन व्यवस्थापन समितिमा हुने भएमा विधेयकको विषयसँग सम्बन्धित समितिका सदस्यलाई छलफलमा सहभागी गराउन सकिनेछ।

(५) सभामा उत्पत्ति भएको विधेयक नियम १०४ बमोजिम दफावार छलफलका लागि समितिमा प्राप्त भएमा दफावार छलफल समाप्त गरी सोको प्रतिवेदन बढीमा छ महिनाभित्र सभामा पेश गर्नु पर्नेछ।"

**७५. <u>मूल नियमावलीको नियम ११० मा संशोधन</u>**: मूल नियमावलीको नियम ११० को उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**७६. <u>मूल नियमावलीको नियम ११५ मा संशोधन</u>**: मूल नियमावलीको नियम ११५ मा रहेका "समितिमा विधेयकमाथि" भन्ने शब्दहरूको सट्टा "नियम १०४ बमोजिम दफावार छलफलका लागि विधेयकलाई विधायन व्यवस्थापन समितिमा पठाएकोमा" भन्ने शब्दहरु राखिएका छन्।

**७७. <u>मूल नियमावलीको नियम ११६ मा संशोधन</u>**: मूल नियमावलीको नियम ११६ को,-

(१) उपनियम (१) मा रहेको "अगावै" भन्ने शब्दपछि "महासचिव वा निजको अनुपस्थितिमा सचिवलाई सोको" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (२), (३), (४) र (५) को सट्टा देहायका उपनियम (२), (३), (४) र (५) राखिएका छन्-

"(२) विधेयक फिर्ता लिने प्रस्तावक सदस्यले अध्यक्षको अनुमति लिई सभाको बैठकमा सो सम्बन्धी प्रस्ताव पेश गर्नेछ।

(३) उपनियम (२) बमोजिमको प्रस्तावको कुनै सदस्यले विरोध गर्न चाहेमा त्यस्तो प्रस्ताव पेश भए लगत्तै अध्यक्षसँग समय माग गरी विरोध गर्नु पर्नाको कारण सहितको वक्तव्य दिन सक्नेछ।

तर एकभन्दा बढी सदस्यले विधेयक फिर्ता सम्बन्धी प्रस्तावको विरोध गर्न चाहेमा प्रत्येक सदस्यलाई संक्षिप्त वक्तव्यको लागि समय दिन यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन।

(४) उपनियम (३) बमोजिम विरोध भएमा प्रस्तुतकर्ता सदस्यले जवाफ दिनेछ र त्यसपछि अध्यक्षले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

थप छलफल हुन नदिई विधेयक फिर्ता सम्बन्धी प्रस्तावलाई निर्णयार्थ पेश गर्नेछ।

(५) विधायन व्यवस्थापन समितिमा विचाराधीन रहेको अवस्थामा विधेयक फिर्ता लिने प्रस्ताव सभामा पेश भएमा अध्यक्षले सो विधेयकका सम्बन्धमा प्रतिवेदन पेश गर्न समितिलाई निर्देशन दिनेछ।"

(३) उपनियम (५) पछि देहायका उपनियम (६), (७), (८), (९) र (१०) थपिएका छन्:-

"(६) उपनियम (५) बमोजिमको निर्देशन भएकोमा त्यसपछिको कुनै बैठकमा समितिको प्रतिवेदन पेश हुनेछ र विधेयक फिर्ता सम्बन्धी प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिनेछ।

(७) सभामा उत्पत्ति भई प्रतिनिधि सभामा विचाराधीन रहेको विधेयक फिर्ताका लागि सभामा प्रस्ताव पेश भएमा सभाले विधेयक फिर्ताका लागि प्रतिनिधि सभाको सहमति माग गर्नेछ।

(८) उपनियम (७) बमोजिम प्रतिनिधि सभाबाट सहमति प्राप्त भएमा विधेयक फिर्ताका लागि सभामा निर्णयार्थ पेश गरिनेछ।

(९) प्रतिनिधि सभाबाट पारित भई सन्देश सहित सभामा आएको विधेयक फिर्ताका लागि सहमति माग भई आएमा सो उपर निर्णय गर्दा यसै नियम बमोजिमको कार्यविधि अपनाइनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१०) उपनियम (९) बमोजिम सभाले सहमति दिएमा सोही व्यहोरा खुलाई सचिवले प्रतिनिधि सभालाई सन्देश पठाउनेछ।"

७८. **मूल नियमावलीको नियम ११७ मा संशोधन**: मूल नियमावलीको नियम ११७ को उपनियम (२) मा रहेको "समयमा" भन्ने शब्दको सट्टा "बैठकमा" भन्ने शब्द राखिएको छ।

७९. **मूल नियमावलीको नियम ११९ मा संशोधन**: मूल नियमावलीको नियम ११९ को उपनियम (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर नियम १२४क. को उपनियम (२) बमोजिम प्रस्तुतकर्ता सदस्य तोकिएकोमा वा यस उपनियमको खण्ड (ग) र (घ) बमोजिमको विधेयकमा एक भन्दा बढी प्रस्तुतकर्ता सदस्य रहेमा कुनै एक प्रस्तुतकर्ता सदस्य सभाको सदस्य रहेसम्म विधेयक लगतबाट हटाइने छैन।"

८०. **मूल नियमावलीको नियम १२१ मा संशोधन**: मूल नियमावलीको नियम १२१ को उपनियम (२) मा रहेका "सचिवद्वारा प्रमाणित गरिनेछ" भन्ने शब्दहरूको सट्टा "सचिवले प्रमाणित गर्नेछ" भन्ने शब्दहरू राखिएका छन्।

८१. **मूल नियमावलीको नियम १२३ मा संशोधन**: मूल नियमावलीको नियम १२३ को,-

(१) नियम शीर्षकमा रहेका "**अस्वीकृत गरेको र**" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपनियम (१) मा रहेको "सभामा" भन्ने शब्दपछि "त्यस्तो सन्देशको जानकारी गराई" भन्ने शब्दहरू थपिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) मा रहेको "विचार" भन्ने शब्दको सट्टा "छलफल" भन्ने शब्द राखिएको छ।

(४) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) उपनियम (२) बमोजिमको प्रस्तावमाथि छलफलका लागि कार्यव्यवस्था परामर्श समितिको सिफारिसमा अध्यक्षले छलफलको दिन र समय तोक्नेछ।

(५) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छः-

"(३क) उपनियम (३) बमोजिमको समयमा अध्यक्षले छलफलमा भाग लिन सदस्यहरूलाई समय दिनेछ र छलफल समाप्त भएपछि त्यस्तो संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्नेछ।"

(६) उपनियम (४) को सुरूमा "उपनियम (३क) बमोजिम" भन्ने शब्दहरू थपिएका छन्।

८२. **<u>मूल नियमावलीको नियम १२४ मा संशोधन</u>**ः मूल नियमावलीको नियम १२४ को,-

(१) उपनियम (१) मा रहेको "सभामा" भन्ने शब्दपछि "त्यस्तो सन्देशको जानकारी गराई" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (५) मा रहेको "प्राप्त" भन्ने शब्दको सट्टा "सभामा टेबुल" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (५) पछि देहायको उपनियम (६) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(६) यस नियम बमोजिम प्रतिनिधि सभाबाट पारित भई आएको गैरसरकारी विधेयकको हकमा त्यस्तो विधेयकको प्रस्तुतकर्ता प्रतिनिधि सभाको सदस्यले सभामा हुने विधेयकको कारबाहीमा प्रस्तुतकर्ता सदस्यको हैसियतले भाग लिने गरी उपस्थित हुन चाहेमा अध्यक्षले अनुमति दिन सक्नेछ।

तर नियम १०५ बमोजिम सभाकै कुनै सदस्यलाई अधिकृत गर्न यस उपनियमले बाधा पुऱ्याउने छैन।"

**८३.** **<u>मूल नियमावलीमा नियम १२४क. थप</u>**: मूल नियमावलीको नियम १२४ पछि देहायको नियम १२४क. थपिएको छः-

"१२४क. **<u>विधेयकको अपनत्व लिन सक्ने</u>**: (१) सभामा उत्पत्ति भएको विधेयकमाथि समितिमा दफावार छलफल भई सभामा प्रतिवेदन पेश भएको मितिले वा प्रतिनिधि सभाबाट संशोधनसहित फिर्ता भएको विधेयकको सन्देश टेबुल भएको मितिले छ महिनासम्म पनि विधेयकको बाँकी कारबाही अगाडि बढाउन प्रस्तुतकर्ता सदस्यले नचाहेमा वा विधेयक फिर्ता पनि नलिएमा कार्यव्यवस्था परामर्श समितिको परामर्शमा अध्यक्षले त्यस्तो विधेयकको बाँकी कारबाही अगाडि बढाउन सभाको कुनै सदस्यलाई विधेयकको प्रस्तुतकर्ता सदस्यको रूपमा कार्य गर्ने गरी तोक्न सभामा प्रस्ताव प्रस्तुत गर्न सक्नेछ।

(२) कुनै कारणले गैरसरकारी विधेयकको प्रस्तुतकर्ता सदस्य सभाको सदस्य नरहेमा वा मन्त्री



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएमा निजले सभामा पेश गरेको गैरसरकारी विधेयकको बाँकी कारबाही अगाडि बढाउन कार्यव्यवस्था परामर्श समितिको परामर्शमा अध्यक्षले सभाको कुनै सदस्यलाई विधेयक प्रस्तुतकर्ता सदस्यको रूपमा कार्य गर्ने गरी तोक्न सभामा प्रस्ताव प्रस्तुत गर्न सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिमको प्रस्ताव सभाले स्वीकृत गरेमा तोकिएको सदस्यले विधेयकको बाँकी कारबाही अगाडि बढाउनेछ।

(४) सभाको सदस्य मन्त्री भई उपनियम (२) बमोजिम प्रस्तुतकर्ता सदस्य तोकिएको भए तापनि निज मन्त्री नरहेमा आफूले प्रस्तुत गरेको विधेयकको बाँकी कारबाही आफैं अगाडि बढाउनेछ।

(५) यस नियम बमोजिम तोकिएको सदस्यले यस नियमावली बमोजिम प्रस्तुतकर्ता सदस्य सरहको अधिकार प्राप्त गर्नेछ।"

८४. **मूल नियमावलीको नियम १२७ मा संशोधनः** मूल नियमावलीको नियम १२७ मा रहेका "पढेर सुनाउनेछ" भन्ने शब्दहरूको सट्टा "जानकारी गराउनेछ" भन्ने शब्दहरू राखिएका छन्।

८५. **मूल नियमावलीको नियम १२८ मा संशोधनः** मूल नियमावलीको नियम १२८ को,-

(१) उपनियम (१) पछि देहायको उपनियम (१क) र (१ख) थपिएका छन्:-

"(१क) उपनियम (१) पछिको अर्को कुनै बैठकमा विधेयक प्रस्तुतकर्ता सदस्यले राष्ट्रपतिबाट प्राप्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सन्देशमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नेछ र त्यसपछि अध्यक्षले प्राप्त सन्देशको सीमामा रही छलफलका लागि सदस्यहरूलाई समय दिनेछ।

(१ख) उपनियम (१क) बमोजिमको छलफल समाप्त भएको अठ्चालिस घण्टाभित्र राष्ट्रपतिको सन्देशमा अन्तर्निहित सीमाभित्र रही सदस्यले पहिलो पटक प्रमाणीकरणका लागि पठाइएको विधेयकमा संशोधनको सूचना दिन सक्नेछ।"

(२) उपनियम (२) मा रहेका "उपनियम (१) बमोजिम प्राप्त हुन आएको विधेयक सम्बन्धी जानकारी सभालाई दिएपछि बसेको" भन्ने शब्दहरूको सट्टा "उपनियम (१ख) बमोजिमको अवधि पूरा भएपछिको" भन्ने शब्दहरू राखिएका छन्।

८६. **<u>मूल नियमावलीको नियम १२९ मा संशोधन</u>**: मूल नियमावलीको नियम १२९ को उपनियम (६) मा रहेको "बुँदामा" भन्ने शब्दको सट्टा "धारा, उपधारा, खण्ड, उपखण्ड वा स्पष्टीकरणमा" भन्ने शब्दहरू राखिएका छन्।

८७. **<u>मूल नियमावलीको नियम १३० मा संशोधन</u>**: मूल नियमावलीको नियम १३० को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः-

"(४) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले प्रतिनिधि सभा नरहेकाले सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठक बस्न नसक्ने अवस्थामा संविधानको धारा ११९ बमोजिम सरकारले सङ्घीय संसदको संयुक्त सदनमा प्रस्तुत गर्ने राजस्व र व्ययको वार्षिक अनुमान सभामा प्रस्तुत गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सार्वजनिक गर्न सक्नेछ र सभाले त्यस्तो अनुमानमाथि छलफल गर्न सक्नेछ।"

**८८.** **मूल नियमावलीको नियम १३१ मा संशोधनः** मूल नियमावलीको नियम १३१ को उपनियम (१) मा रहेका "प्रधानमन्त्री वा निजको अनुपस्थितिमा निजले तोकेको अन्य कुनै मन्त्रीसँग" भन्ने शब्दहरूको सट्टा "प्रधानमन्त्रीसँग" भन्ने शब्द राखिएको छ।

**८९.** **मूल नियमावलीको नियम १३२ मा संशोधनः** मूल नियमावलीको नियम १३२ को,-

(१) उपनियम (१) मा रहेको "सभामा" भन्ने शब्दपछि "त्यस्तो सन्देशको जानकारी गराई" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (४) मा रहेको "सचिवालयमा" भन्ने शब्दहरूको सट्टा "अनुसूची -१५ बमोजिमको ढाँचामा सचिवलाई" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (८) मा रहेका "सन्देश सहित विधेयकलाई" भन्ने शब्दहरुपछि "उपनियम (१) बमोजिम सन्देश टेबुल भएको मितिले पन्ध्र दिनभित्र" भन्ने शब्दहरू थपिएका छन्।

**९०.** **मूल नियमावलीको नियम १३३ मा संशोधनः** मूल नियमावलीको नियम १३३ को सट्टा देहायको नियम १३३ राखिएको छः-

"१३३. **पूर्वबजेट छलफलः** (१) विनियोजन विधेयक प्रस्तुत गर्नुपूर्व बैठकमा बजेट तयारीका लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्ताव बाहेक) छलफल गरियोस् भनी अर्थ मन्त्रीले प्रस्ताव पेश गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम गरिने छलफलको कार्यविधि कार्यव्यवस्था परामर्श समितिको परामर्शमा अध्यक्षले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपनियम (१) बमोजिमको छलफल बैठकमा विनियोजन विधेयक प्रस्तुत हुनुभन्दा कम्तीमा तीस दिन अगावै समाप्त भइसक्नु पर्नेछ।

(४) सचिवालयले उपनियम (१) बमोजिमको छलफलमा उठेका विषयको प्रतिवेदन तयार गरी महासचिव वा निजको अनुपस्थितिमा सचिवले यथाशीघ्र प्रधानमन्त्री र अर्थमन्त्रीलाई पठाउनेछ। अर्थमन्त्रीले सो प्रतिवेदन समेतको आधारमा विनियोजन विधेयक तयार गर्नेछ।"

**९१. मूल नियमावलीमा नियम १३३क. थप**: मूल नियमावलीको नियम १३३ पछि देहायको नियम १३३क. थपिएको छः-

"१३३क. **विनियोजन विधेयक सम्बन्धी कार्यविधि**:

(१) प्रतिनिधि सभाबाट पारित भई सभामा सन्देश सहित प्राप्त भएको विनियोजन विधेयकको सन्देश सचिवले यथाशीघ्र सभामा जानकारी गराई टेबुल गर्नेछ र त्यसको एक प्रति सदस्यलाई वितरण गर्नेछ।

(२) उपनियम (१) बमोजिम सभामा सन्देशको जानकारी भएपछि अर्थ मन्त्रीले विनियोजन विधेयक प्रस्तुत गर्नेछ।

(३) विनियोजन विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेश भएपछि अध्यक्षले प्रधानमन्त्रीसँग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परामर्श गरी विधेयकका विभिन्न शीर्षकहरूमाथि छलफल र निर्णय गर्नका निमित्त दिन तथा समयावधि तोक्नेछ।

(४) विनियोजन विधेयकमा निर्दिष्ट गरी राखिएको प्रत्येक शीर्षकमाथि छुट्टाछुट्टै वा समूहीकृत रूपमा छलफल हुन सक्नेछ।

(५) उपनियम (४) बमोजिमको छलफलको क्रममा कुनै शीर्षकमाथि उठेको प्रश्नको जवाफ सम्बन्धित मन्त्रीले छलफलको अन्त्यमा दिनेछ।

(६) कुनै शीर्षकलाई निर्णयार्थ प्रस्तुत गर्नु अघि सो शीर्षकको सम्बन्धमा दलीय संरचनाको आधारमा प्रस्तुत गरिएका खर्च कटौतीका प्रस्तावहरूमध्ये एकै प्रकृतिको प्रस्ताव एकभन्दा बढी भएमा कुनै एकमा मात्र छलफल गरी निर्णय गरिनेछ।

(७) एउटै शीर्षकको खर्च रकमसँग सम्बन्धित छुट्टाछुट्टै प्रस्तावहरू प्रस्तुत गरिएमा सम्बन्धित शीर्षकहरूको क्रम अनुसार छलफल गरिनेछ।

(८) उपनियम (३) बमोजिम तोकिएको दिन तथा समयावधिको अन्त्यमा छलफल गर्न बाँकी रहेका सबै शीर्षकहरूलाई छलफलबिना अध्यक्षले निर्णयार्थ बैठकमा प्रस्तुत गर्नेछ।

(९) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयकको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धमा यस परिच्छेदमा लेखिए बमोजिमको कार्यविधि अपनाइनेछ।"

**९२.** **<u>मूल नियमावलीको नियम १३५ मा संशोधन</u>**: मूल नियमावलीको नियम १३५ को खण्ड (ख) र (घ) झिकिएका छन्।

**९३.** **<u>मूल नियमावलीको नियम १३६ मा संशोधन</u>**: मूल नियमावलीको नियम १३६ को सट्टा देहायको नियम १३६ राखिएको छः-

"१३६. **<u>खर्च कटौतीको प्रस्तावको सूचना</u>**: कुनै शीर्षकमा खर्च रकम घटाउन प्रस्ताव प्रस्तुत गर्न चाहने सदस्यले विनियोजन विधेयकमाथिको सैद्धान्तिक छलफल समाप्त भएपछिको अठ्चालिस घण्टाभित्र अनुसूची-१६ बमोजिमको ढाँचामा सचिवलाई सूचना दिनु पर्नेछ। यसरी सूचना दिँदा कुनै एक शीर्षकमा एक दल वा स्वतन्त्र सदस्यको तर्फबाट एक मात्र सूचना दिन सकिनेछ।"

**९४.** **<u>मूल नियमावलीको नियम १४७ मा संशोधन</u>**: मूल नियमावलीको नियम १४७ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) सरकारलाई सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि सभामा विषयगत समिति रहनेछन्। प्रत्येक समितिको नाम र कार्यक्षेत्र देहाय बमोजिम हुनेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र.स. | समितिको नाम | कार्यक्षेत्र |
|---|---|---|
| १. | विकास, आर्थिक मामिला तथा सुशासन समिति | विकास योजना, आयोजना, दिगो विकास, समन्यायिक एवं सन्तुलित विकास, लगानी, जनसङ्ख्या व्यवस्थापन, नेपालको अर्थव्यवस्था, सार्वजनिक वित्त, पूर्वबजेट छलफल, शासकीय सुधार तथा सुशासन प्रवर्द्धन, सूचना प्रविधि तथा नवप्रवर्तन सम्बन्धी विषय र सम्बद्ध निकाय |
| २. | विधायन व्यवस्थापन समिति | विधेयकमाथि छलफल तथा विधेयक व्यवस्थापन, ऐन कार्यान्वयन मापन तथा अध्ययन, अनुसन्धान र सङ्घीय इकाइहरूबीच विधायिकी अन्तरसम्बन्ध सम्बन्धी विषय र सम्बद्ध निकाय |
| ३. | सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति | सार्वजनिक नीति, प्रत्यायोजित विधायन, सरकारी आश्वासन सम्बन्धी कार्य, राष्ट्रिय महत्त्वका दस्तावेज, अभिलेख व्यवस्थापन, ऐतिहासिक एवं पुरातात्त्विक सम्पदा सम्बन्धी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | | विषय र सम्बद्ध निकाय |
| ४. | सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समिति | राज्यको तहगत संरचनामा समन्वय र सवलीकरण, राजनीतिक, वित्तीय तथा प्रशासनिक सङ्घीयता, राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय सम्पदा र प्राकृतिक स्रोत, सामाजिक न्याय, मानव अधिकार, परराष्ट्र सम्बन्ध, सन्धि सम्झौताको कार्यान्वयन, राष्ट्रिय सुरक्षा, संवैधानिक निकाय, श्रम, रोजगार र उपभोक्ता हित, शान्ति प्रक्रिया, विपद् व्यवस्थापन, सामाजिक सद्भाव, शिक्षा, स्वास्थ्य, समावेशीकरण, लैङ्गिक मामिला, पिछडिएको क्षेत्र, समुदाय तथा संस्कृति सम्बन्धी विषय र सम्बद्ध निकाय" |

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपनियम (१) बमोजिका समितिले कार्यक्षेत्रसँग सम्बद्ध निकाय र तिनका पदाधिकारीलाई बोलाई छलफल गर्न, सार्वजनिक सरोकारका विषयमा विवरण माग गर्न र आवश्यक निर्देशन दिन सक्नेछन्।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) पछि देहायको उपनियम (२क) र (२ख) थपिएका छन्:-

"(२क) उपनियम (२) बमोजिमको कार्ययोजना समितिले स्वीकृत गरी लागू गर्नु पर्नेछ।

(२ख) समितिको काम कारबाहीमा दोहोरोपना हुन नदिनका लागि अध्यक्षले सबै समितिको संयुक्त बैठकमा वार्षिक कार्ययोजनाका सम्बन्धमा छलफल गरी दोहोरोपना हुने देखिएका विषयमा कुनै एउटा समितिले मात्र काम गर्न वा संयुक्त समितिको बैठक बसी संयुक्त रूपमा काम गर्न निर्देशन दिन सक्नेछ।"

(४) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ:-

"(४) संसदीय निगरानीमा एकरूपता कायम गरी सरकारको काम कारबाहीको अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउन सचिवालयले सूचक सहितको मापदण्ड तयार गर्नेछ।"

**९५.** **मूल नियमावलीमा नियम १४८क., १४८ख., १४८ग., १४८घ. र १४८ङ. थप**: मूल नियमावलीको नियम १४८ पछि देहायका नियम १४८क., १४८ख., १४८ग., १४८घ. र १४८ङ. थपिएका छन्:

"१४८क. **विकास, आर्थिक मामिला तथा सुशासन समितिको काम, कर्तव्य र अधिकार**: नियम १४७ को उपनियम (१) बमोजिमको कार्यक्षेत्रको परिधिभित्र रही विकास, आर्थिक मामिला तथा सुशासन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) विकासको ढाँचा र आवधिक विकास योजनालाई समयसापेक्ष र वस्तुपरक बनाउन आवश्यक अध्ययन गरी सरकारलाई सुझाव दिने, योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशन दिने,

(ख) दिगो विकास, समन्यायिक एवं सन्तुलित विकासको अवधारणालाई मुलुकको विकास प्रणालीमा मूलप्रवाहीकरण गर्न सरकारको ध्यानाकर्षण गराउने,

(ग) लगानी प्रवर्द्धन, जनसङ्ख्या व्यवस्थापनका विषयमा सरोकारवालासँग छलफल गर्ने र आवश्यक अध्ययन गरी सरकारलाई निर्देशन दिने,

(घ) नेपालको अर्थव्यवस्था र सार्वजनिक वित्त व्यवस्थापनका सम्बन्धमा छलफल गर्ने, सरकारका काम कारबाहीको निगरानी गर्ने र आवश्यक निर्देशन दिने,

(ङ) पूर्वबजेट छलफल गरी सो सम्बन्धमा प्राप्त सुझावलाई बजेटमा समावेश गर्न सिफारिस गर्ने,

(च) शासकीय सुधार, सुशासन प्रवर्द्धन, सूचना प्रविधिको प्रयोग, नवप्रवर्तन र डिजिटल गभर्नेन्स अवलम्बन गर्ने सम्बन्धमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छलफल गर्ने र आवश्यक अध्ययन गरी सरकारलाई निर्देशन दिने,

(छ) समितिको कार्यक्षेत्रभित्रको विषयसँग सम्बद्ध सरकारका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अन्य क्रियाकलाप मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(ज) कार्यक्षेत्रको विषयसँग सम्बद्ध सरकारका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा किफायत गर्न सकिने विषयको सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(झ) सरकारद्वारा समय समयमा गठन हुने छानबिन आयोग वा समिति र जाँचबुझ आयोग वा समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

(ञ) समितिको क्षेत्राधिकारभित्रको जुनसुकै विषयमा जनताको राय, सुझाव तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रतिक्रिया प्राप्त गर्नका लागि सङ्घ, प्रदेश वा स्थानीय तहमा समेत संसदीय सार्वजनिक सुनुवाइ गर्ने र सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(ट) सर्वसाधारणबाट प्राप्त उजुरीको सुनुवाइ गर्ने,

(ठ) कार्यक्षेत्रसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको संरक्षण, उपयोग र व्यवस्थापन सम्बन्धमा अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,

(ड) समितिले दिएको निर्देशन कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने,

(ढ) यस नियम अन्तर्गत समितिले गरेका काम कारबाहीका सम्बन्धमा आफ्नो राय सहितको प्रतिवेदन सभामा पेश गर्ने, र

(ण) बैठकले सुम्पेको अन्य काम गर्ने।

१४८ख. **विधायन व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** नियम १४७ को उपनियम (१) बमोजिमको कार्यक्षेत्रको परिधिभित्र रही विधायन व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सभाबाट दफावार छलफलका लागि समितिमा प्राप्त विधेयकउपर दफावार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छलफल गरी सो सम्बन्धी प्रतिवेदन बैठकमा पेश गर्ने,

(ख) विधेयकका सम्बन्धमा सर्वसाधारणले दिएको सुझावउपर छलफल गर्ने,

(ग) ऐनको कार्यान्वयन प्रभावकारिता सम्बन्धमा अध्ययन, अनुसन्धान गरी सोको प्रतिवेदन सहित सरकारलाई निर्देशन दिने,

(घ) सङ्घीय इकाइहरूबीच विधायिकी अन्तरसम्बन्धलाई प्रभावकारी बनाउन कानून निर्माणका क्रममा समन्वय गर्ने र सङ्घ र प्रदेश वा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीभित्रका विषयमा कानून बनाउँदा सम्बन्धित सरोकारवालाको सुझाव लिने,

(ङ) प्रदेश र स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा अध्ययन गर्ने र असल अभ्यासको आदान प्रदान गर्ने,

(च) विधायन व्यवस्थापनसँग सम्बन्धित विषयमा अध्ययन तथा अनुसन्धान गर्ने,

(छ) समितिको क्षेत्राधिकारभित्रको जुनसुकै विषयमा जनताको राय, सुझाव तथा प्रतिक्रिया प्राप्त गर्नका लागि सङ्घ, प्रदेश वा स्थानीय तहमा समेत संसदीय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सार्वजनिक सुनुवाइ गर्ने र सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(ज) सर्वसाधारणबाट प्राप्त उजुरीको सुनुवाइ गर्ने,

(झ) समितिले दिएको निर्देशन कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने,

(ञ) यस नियम अन्तर्गत समितिले गरेका काम कारबाहीका सम्बन्धमा आफ्नो राय सहितको प्रतिवेदन सभामा पेश गर्ने, र

(ट) बैठकले सुम्पेको अन्य काम गर्ने।

१४८ग. **<u>सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको काम, कर्तव्य र अधिकारः</u>** नियम १४७ को उपनियम (१) बमोजिमको कार्यक्षेत्रको परिधिभित्र रही सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकारका क्षेत्रगत नीतिको मस्यौदाको चरणमा छलफल गरी सुझाव दिने र जारी भएका क्षेत्रगत नीतिको विश्लेषण र अनुगमन तथा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(ख) मन्त्रीले सरकारको तर्फबाट बैठकमा दिएका लिखित वा मौखिक आश्वासनलाई पूरा गर्न नेपाल सरकारद्वारा चालिएका कदमका सम्बन्धमा अध्ययन, अनुगमन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(ग) सरकार प्रमुखबाट राष्ट्रको नाममा हुने सम्बोधन र नेपाल सदस्य रहेको अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त प्रतिबद्धताको कार्यान्वयनको सम्बन्धमा छलफल गर्ने र सरकारलाई आवश्यक निर्देशन दिने,

(घ) प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको प्रत्यायोजित विधायन संविधान, सम्बन्धित ऐन, प्रचलित कानून बमोजिम बने नबनेको सम्बन्धमा र सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(ङ) ऐतिहासिक एवं पुरातात्त्विक सम्पदाको सम्बन्धमा अध्ययन अनुसन्धान, छलफल गर्ने र आवश्यक निर्देशन दिने,

(च) राष्ट्रिय महत्त्वको दस्तावेजको अभिलेख व्यवस्थापनको अनुगमन, मूल्याङ्कन तथा सो सम्बन्धमा आवश्यक अनुसन्धान गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(छ) समितिको क्षेत्राधिकारभित्रको जुनसुकै विषयमा जनताको राय, सुझाव तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रतिक्रिया प्राप्त गर्नका लागि सङ्घ, प्रदेश वा स्थानीय तहमा समेत संसदीय सार्वजनिक सुनुवाइ गर्ने र सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(ज) सर्वसाधारणबाट प्राप्त उजुरीको सुनुवाइ गर्ने,

(झ) समितिले दिएको निर्देशन कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने,

(ञ) यस नियम अन्तर्गत समितिले गरेका काम कारबाहीका सम्बन्धमा आफ्नो राय सहितको प्रतिवेदन सभामा पेश गर्ने, र

(ट) बैठकले सुम्पेको अन्य काम गर्ने।

१४८घ. **<u>सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको काम, कर्तव्य र अधिकारः</u>** नियम १४७ को उपनियम (१) बमोजिमको कार्यक्षेत्रको परिधिभित्र रही सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राज्यको तहगत संरचनामा समन्वय गर्ने र राजनीतिक, वित्तीय तथा प्रशासनिक सङ्घीयताको कार्यान्वयनका सम्बन्धमा भएका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,

(ख) राष्ट्रिय गौरवका आयोजना व्यवस्थापनमा सरकारबाट भएका काम कारबाहीको सम्बन्धमा अनुगमन गरी कार्यान्वयन



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रभावकारिताका लागि आवश्यक निर्देशन दिने,

(ग) राष्ट्रिय सम्पदा र प्राकृतिक स्रोतको विद्यमान अवस्था, उपयोग र यसको प्रवर्द्धनमा अवलम्बित रणनीति सम्बन्धमा अध्ययन गरी सुझाव सिफारिस गर्ने,

(घ) सामाजिक न्याय, मानव अधिकार, श्रम, रोजगार र उपभोक्ता हित, शिक्षा, स्वास्थ्य, समावेशीकरण, लैङ्गिक मामिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र, समुदाय तथा संस्कृति, आर्थिक रूपले विपन्न खस आर्य र सामाजिक सद्भाव सम्बन्धी विषयमा सरकारका निकायबाट भएको काम कारबाहीको अध्ययन, अनुसन्धान, छलफल तथा अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ङ) परराष्ट्र सम्बन्ध, सन्धि सम्झौताको कार्यान्वयन र राष्ट्रिय सुरक्षासँग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान तथा सम्बद्ध निकायसँग छलफल गरी साझा राष्ट्रिय प्रतिवद्धता निर्माण गर्न सरकारलाई निर्देशन दिने,

(च) संवैधानिक निकायका काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने, वार्षिक प्रतिवेदनमाथि छलफल गर्ने र प्रतिवेदनका सुझाव कार्यान्वयनका सम्बन्धमा सरकारलाई निर्देशन दिने,

(छ) समितिको कार्यक्षेत्रभित्रको विषयसँग सम्बद्ध सरकारका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अन्य क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(ज) कार्यक्षेत्रको विषयसँग सम्बद्ध सरकारका निकायको निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा किफायत गर्न सकिने विषयका सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(झ) सरकारद्वारा समय समयमा गठन हुने छानबिन आयोग वा समिति र जाँचबुझ आयोग वा समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

(ञ) समितिको क्षेत्राधिकारभित्रको जुनसुकै विषयमा जनताको राय, सुझाव तथा प्रतिक्रिया प्राप्त गर्नका लागि सङ्घ, प्रदेश वा स्थानीय तहमा समेत संसदीय सार्वजनिक सुनुवाइ गर्ने र सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(ट) सर्वसाधारणबाट प्राप्त उजुरीको सुनुवाइ गर्ने,

(ठ) कार्यक्षेत्रसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको संरक्षण, उपयोग र व्यवस्थापन सम्बन्धमा अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,

(ड) समितिले दिएको निर्देशन कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने,

(ढ) यस नियम अन्तर्गत समितिले गरेका काम कारबाहीका सम्बन्धमा आफ्नो राय सहितको प्रतिवेदन सभामा पेश गर्ने, र

(ण) बैठकले सुम्पेको अन्य काम गर्ने।

१४८ङ. **निर्देशन कार्यान्वयनको अनुगमनः** (१) समितिले सम्बन्धित निकायलाई दिएका निर्देशन कार्यान्वयनको प्रगति विवरण प्रत्येक तीन महिनामा त्यस्तो निकायले सम्बन्धित समितिलाई पठाउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रगति विवरणका सम्बन्धमा समितिले छलफल गरी कार्यान्वयन नभएका निर्देशनहरूको सम्बन्धमा समीक्षा गरी कार्यान्वयनका लागि पुनः पठाउनेछ। यसरी पठाएको पैंतालिस दिनभित्र सम्बन्धित निकायले कार्यान्वयनको जानकारी समितिलाई गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पनि कार्यान्वयन नगरेमा समितिले सम्बन्धित निकायलाई दिइएका निर्देशन र त्यस्तो निकायको नाम सार्वजनिक गर्नेछ र सोको प्रतिवेदन सभा समक्ष पेश गर्नेछ।"

९६. **मूल नियमावलीको नियम १४९ मा संशोधन**: मूल नियमावलीको नियम १४९ को उपनियम (२) मा रहेको "समुदाय" भन्ने शब्दपछि ", प्रदेशगत प्रतिनिधित्व" भन्ने शब्दहरू थपिएका छन्।

९७. **मूल नियमावलीको नियम १५० मा संशोधन**: मूल नियमावलीको नियम १५० को,-

(१) उपनियम (२) मा रहेका "अपरान्ह चार बजेसम्म" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपनियम (४) मा रहेको "दर्ताक्रममा" भन्ने शब्दको सट्टा "दर्ताक्रम अनुसार" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (११) झिकिएको छ।

९८. **मूल नियमावलीमा नियम १५०क. थप**: मूल नियमावलीको नियम १५० पछि देहायको नियम १५०क. थपिएको छः-

"१५०क. **सभापतिको पदावधिः** (१) सभापतिको पदावधि दुई वर्षको हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिमको पदावधि संविधानको धारा ८६ को उपधारा (३) बमोजिम प्रत्येक एक तिहाइ सदस्यको निर्वाचन भएको वर्षको फागुन २१ गतेबाट सुरु भई दुई वर्षपछिको फागुन २० मा अन्त्य हुनेछ।

(३) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली लागू हुँदाका बखत पदमा बहाल रहेका सभापतिको पद अन्य कारणले रिक्त हुने अवस्थामा बाहेक पूरा कार्यकाल व्यतित भएपश्चात् निर्वाचित हुने सभापतिको कार्यकाल उपनियम (२) बमोजिमको बाँकी अवधिका लागि मात्र हुनेछ।"

९९. **<u>मूल नियमावलीको नियम १५१ मा संशोधन</u>**: मूल नियमावलीको नियम १५१ को,-

(१) नियम शीर्षकमा रहेका "**<u>समितिको कार्यावधि र</u>**" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपनियम (१) झिकिएको छ।

(३) उपनियम (२) मा रहेको "लिई" भन्ने शब्दपछि "समितिका" भन्ने शब्द थपिएको छ।

(४) उपनियम (३) को खण्ड (घ) झिकिएको छ।

(५) उपनियम (५) पछि देहायको उपनियम (६) थपिएको छः-

"(६) उपनियम (३) बमोजिम सभापतिको पद रिक्त हुन आएमा रिक्त भएको मितिले पन्ध्र दिनभित्र निर्वाचन गरिसक्नु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१००. <u>मूल नियमावलीको नियम १५२ मा संशोधन</u>**: मूल नियमावलीको नियम १५२ को उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

"(२क) कुनै कारणले सभापति लामो समयसम्म उपस्थित हुन नसकेमा वा नसक्ने भएमा वा काबुबाहिरको परिस्थिति परी उपस्थित हुन नसक्ने भएमा वा समितिको अन्तिम बैठक बसेको मितिले तीस दिनसम्म पनि बैठक बस्न नसकेको अवस्थामा समितिमा तत्काल छलफल गरिनु पर्ने विषय रहेमा समितिका सदस्यमध्ये उमेरको हिसाबले ज्येष्ठ सदस्यले यस नियम बमोजिम समितिको बैठक बोलाउन र सभापतित्व गर्न सक्नेछ।"

**१०१. <u>मूल नियमावलीमा नियम १५२क. थप</u>**: मूल नियमावलीको नियम १५२ पछि देहायको नियम १५२क. थपिएको छः-

"१५२क. **<u>संयुक्त बैठकः</u>** (१) समितिहरूले आफ्नो कार्यक्षेत्रसँग अन्तरसम्बन्धित विषयमा संयुक्त बैठकमा छलफल गर्न, संयुक्त अनुगमन गर्न वा संयुक्त रूपमा निर्देशन दिन सक्नेछन्।

(२) कुनै समितिले अध्ययन गरिसकेको वा गरिरहेको विषयमा अर्को समितिले अध्ययन गर्नु पर्ने भएमा पहिले अध्ययन गरेको वा गरिरहेको समितिसँग संयुक्त बैठक बस्नु पर्नेछ।

(३) कुनै एउटै विषयमा अनुगमन गर्दा समितिहरूले संयुक्त रूपमा अनुगमन गर्न सक्नेछन्।

(४) कुनै विषयमा कुनै समितिले पहिले कुनै निर्देशन दिइसकेको भए त्यस्तो समितिसँग परामर्श



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेर वा आवश्यकता अनुसार संयुक्त बैठक बसेर थप निर्देशन दिन सक्नेछ।

(५) एकभन्दा बढी समितिको संयुक्त बैठकको सभापतित्व आपसी सहमतिमा कुनै एक समितिको सभापतिले गर्नेछ।"

**१०२. <u>मूल नियमावलीको नियम १५९ मा संशोधन</u>:** मूल नियमावलीको नियम १५९ को उपनियम (७) मा रहेका "आवधिक प्रतिवेदन" भन्ने शब्दहरूपछि ", समितिको वार्षिक प्रतिवेदन, समितिले पेश गरेका अध्ययन प्रतिवेदन, ऐन कार्यान्वयन मापन प्रतिवेदन, सङ्घीय संसदको दुवै सदनको संयुक्त समितिका प्रतिवेदन" भन्ने शब्दहरू थपिएका छन्।

**१०३. <u>मूल नियमावलीको नियम १६२ मा संशोधन</u>:** मूल नियमावलीको नियम १६२ को उपनियम (३) मा रहेका "आफू मातहतको बरिष्ठ" भन्ने शब्दहरूको सट्टा "आफू मातहतको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको" भन्ने शब्दहरू राखिएका छन्।

**१०४. <u>मूल नियमावलीको नियम १६४ मा संशोधन</u>:** मूल नियमावलीको नियम १६४ मा रहेका "भए सो" भन्ने शब्दहरूको सट्टा "भएमा सोको स्वघोषणा गरी त्यस्तो" भन्ने शब्दहरू राखिएका छन्।

**१०५. <u>मूल नियमावलीको नियम १६८ मा संशोधन</u>:** मूल नियमावलीको नियम १६८ को,

(१) उपनियम (१) को सुरूमा "संविधानको धारा १०३ बमोजिम" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (४) झिकिएको छ।

**१०६. <u>मूल नियमावलीको नियम १७३ मा संशोधन</u>:** मूल नियमावलीको नियम १७३ को उपनियम (२) मा रहेको "अनुमति दिन चाहने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सदस्यलाई अध्यक्षले उभिने" भन्ने शब्दहरूको सट्टा "अध्यक्षले उपनियम (१) बमोजिम प्रस्तुत भएको प्रतिवेदनमा छलफल होस् भन्ने सदस्यलाई उभिन" भन्ने शब्दहरू राखी सोही उपनियमको अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर कुनै प्रकारको अपाङ्गताका कारण उभिन नसक्ने सदस्यले आफ्नो शारीरिक अनुकूलतामा मत जाहेर गर्न यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन।"

**१०७. <u>मूल नियमावलीको नियम १८१ मा संशोधन</u>**: मूल नियमावलीको नियम १८१ को उपनियम (२) मा रहेका "नियम १० बमोजिम बैठकको अध्यक्षता गर्न मनोनीत सदस्य मध्येको" भन्ने शब्दहरूको सट्टा "संविधानको धारा ९२ को उपधारा (५) बमोजिमको" भन्ने शब्दहरू राखिएका छन्।

**१०८. <u>मूल नियमावलीको नियम १८२ मा संशोधन</u>**: मूल नियमावलीको नियम १८२ मा रहेका "नियम १० बमोजिम बैठकको अध्यक्षता गर्न मनोनीत सदस्य मध्येको उमेरको हिसाबले" भन्ने शब्दहरूको सट्टा "संविधानको धारा ९२ को उपधारा (५) बमोजिमको" भन्ने शब्दहरू थपिएका छन्।

**१०९. <u>मूल नियमावलीको नियम १८४ मा संशोधन</u>**: मूल नियमावलीको नियम १८४ को सट्टा देहायको नियम १८४ राखिएको छः-

"१८४. **<u>अनुपस्थितिको सूचना</u>**: (१) कुनै सदस्यले सभाको बैठकमा उपस्थित हुन नसक्ने भएमा अध्यक्षलाई सूचना दिनु पर्नेछ।

(२) कुनै सदस्य सभाको लगातार दश वटाभन्दा बढी बैठकमा उपस्थित हुन नसक्ने स्थिति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएमा मनासिब कारण सहितको अग्रिम सूचना दिनु पर्नेछ।

तर उपनियम (१) र (२) बमोजिम अग्रिम सूचना लिखित वा विद्युतीय माध्यमबाट समेत दिन नसक्ने मनासिब कारण भएमा उपस्थित भएको तीन दिनभित्र सूचना दिन यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन।

(३) उपनियम (१) बमोजिमको सूचना अध्यक्षले स्वीकृत गर्नेछ र उपनियम (२) बमोजिमको सूचना अध्यक्षले सभाको स्वीकृतिका लागि प्रस्तुत गर्नेछ।"

**११०. <u>मूल नियमावलीको नियम १८५ मा संशोधन</u>**: मूल नियमावलीको नियम १८५ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) बमोजिम दिइएको राजीनामा सम्बन्धित सदस्यको सनाखत गराई अध्यक्षता गर्ने व्यक्तिले बैठकमा जानकारी गराउनेछ। बैठक चालु नरहेको अवस्थामा सोको सूचना सूचनापत्रमा प्रकाशन गरिनेछ।"

**१११. <u>मूल नियमावलीको नियम १८६ मा संशोधन</u>**: मूल नियमावलीको नियम १८६ को उपनियम (३) मा रहेका "नेपाल राजपत्रमा प्रकाशन गरी मन्त्रिपरिषद् र निर्वाचन आयोगलाई जानकारी दिनेछ" भन्ने शब्दहरूको सट्टा "मन्त्रिपरिषद् र निर्वाचन आयोगलाई जानकारी दिनेछ र सो सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नेछ" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**११२. <u>मूल नियमावलीको नियम १९१ मा संशोधन</u>:** मूल नियमावलीको नियम १९१ को उपनियम (४) मा रहेको "हुनेछ" भन्ने शब्दपछि "र त्यस्तो सदस्य नियम १९० को उपनियम (२) को खण्ड (ग), (घ) वा (ङ) बमोजिम आचरण अनुगमन समितिको सदस्य रहेको भए सो समितिबाट अलग रहनु पर्नेछ" भन्ने शब्दहरू थपिएका छन्।

**११३. <u>मूल नियमावलीको नियम १९७ मा संशोधन</u>:** मूल नियमावलीको नियम १९७ को,-

(१) उपनियम (१) मा रहेको "रहेछ वा" भन्ने शब्दहरूको सट्टा "रहेछ र" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) कुनै सन्धिको व्यवस्था अन्तर्गत आरक्षण (रिजर्भेसन) राखिएको रहेनछ भने त्यस्तो सन्धिमाथि संशोधन पेश गर्न सकिने छैन।"

**११४. <u>मूल नियमावलीको नियम १९८ मा संशोधन</u>:** मूल नियमावलीको नियम १९८ को खण्ड (ख) मा रहेको "विधायन" भन्ने शब्दपछि "व्यवस्थापन" भन्ने शब्द थपिएको छ।

**११५. <u>मूल नियमावलीको नियम १९९ मा संशोधन</u>:** मूल नियमावलीको नियम १९९ को उपनियम (२) को स्पष्टीकरण खण्डमा रहेको "विधायन" भन्ने शब्दपछि "व्यवस्थापन" भन्ने शब्द थपिएको छ।

**११६. <u>मूल नियमावलीको नियम २०१ मा संशोधन</u>:** मूल नियमावलीको नियम २०१ मा रहेको "विधायन" भन्ने शब्दपछि "व्यवस्थापन" भन्ने शब्द थपिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**११७. <u>मूल नियमावलीको नियम २०२ मा संशोधन</u>:** मूल नियमावलीको नियम २०२ को उपनियम (१) मा रहेको "विधायन" भन्ने शब्दपछि "व्यवस्थापन" भन्ने शब्द थपिएको छ।

**११८. <u>मूल नियमावलीको नियम २१७ मा संशोधन</u>:** मूल नियमावलीको नियम २१७ को सट्टा देहायको नियम २१७ राखिएको छः-

"२१७. **<u>महान्यायाधिवक्तासँग राय लिन सक्ने</u>:** (१) सभा वा समितिको काम कारबाहीका सम्बन्धमा कुनै कानूनी प्रश्न उठेमा वा कुनै कानूनी प्रश्नमा स्पष्ट हुन आवश्यक ठानेमा त्यस्तो प्रश्नका सम्बन्धमा राय व्यक्त गर्न महान्यायाधिवक्तालाई आमन्त्रण गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिमको कानूनी प्रश्नमा राय व्यक्त गर्न आमन्त्रण गरेकोमा अध्यक्षले नेपालको संविधानको धारा १५८ को उपधारा (४) बमोजिम महान्यायाधिवक्तालाई बैठकमा उपस्थित भई राय व्यक्त गर्न अनुमति दिनेछ।

(३) उपनियम (१) बमोजिम महान्यायाधिवक्तालाई समितिको बैठकमा आमन्त्रण गरेकोमा सभापतिले बैठकमा उपस्थित भई राय व्यक्त गर्न अनुमति दिनेछ।

(४) उपनियम (२) र (३) बमोजिम व्यक्त गरिएको रायमाथि छलफल हुने छैन।

(५) यस नियम बमोजिमको राय व्यक्त गर्ने प्रक्रिया कार्यव्यवस्था परामर्श समितिको परामर्शमा अध्यक्षले निर्धारण गरे बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि सभा सञ्चालन र सोसँग सम्बन्धित प्रश्नमा संसदीय मामिलाविज्ञ वा कानूनविद्सँग राय परामर्श लिन सकिनेछ।

**स्पष्टीकरण**: यस नियमको प्रयोजनको हकमा "बैठक" भन्नाले कार्यव्यवस्था परामर्श समितिको बैठकलाई समेत जनाउँछ।"

**११९. मूल नियमावलीमा नियम २१७क., २१७ख., २१७ग., २१७घ., २१७ङ., २१७च. र २१७छ. थप**: मूल नियमावलीको नियम २१७ पछि देहायका नियम २१७क., २१७ख., २१७ग., २१७घ., २१७ङ., २१७च. र २१७छ. थपिएका छन्:-

"२१७क. **शपथ**: (१) आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्षले राष्ट्रपति समक्ष र उपाध्यक्षले राष्ट्रपतिको उपस्थितिमा अध्यक्ष समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

(२) समितिको सभापति पदमा निर्वाचित सदस्यले अध्यक्ष समक्ष अनुसूची -४ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

(३) सदस्यले सभा र त्यसको कुनै समितिको बैठकमा भाग लिनु अघि अध्यक्ष समक्ष अनुसूची -१७ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) अध्यक्षको पद रिक्त भएमा उपनियम (२) र (३) बमोजिमको शपथ उपाध्यक्ष समक्ष लिनु पर्नेछ।

तर अध्यक्ष र उपाध्यक्षको पद रिक्त भएको अवस्थामा संविधानको धारा ९२ को उपधारा (५) बमोजिमको सदस्यले शपथ लिनु पर्ने भएमा अनुसूची-१७ बमोजिमको ढाँचामा राष्ट्रपति समक्ष शपथ लिनु पर्नेछ।

२१७ख. **सभाका निर्देशन वा रुलिङ्गको कार्यान्वयनः** (१) सभाको निर्देशन वा अध्यक्षबाट भएको रुलिङ्गको कार्यान्वयनका लागि सचिवले सम्बन्धित निकायमा पठाउनेछ।

(२) उपनियम (१) बमोजिम पठाइएको निर्देशन वा रुलिङ्ग कार्यान्वयन गरी सचिव मार्फत सभामा पेश गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(३) यस नियम बमोजिमको निर्देशन वा रुलिङ्गको कार्यान्वयनको जानकारी यथाशीघ्र सचिव मार्फत सभालाई गराउनु पर्नेछ।

२१७ग. **प्रतिवेदनमाथि छलफलः** (१) संविधानको धारा ५३ बमोजिम नेपाल सरकारले पेश गरेको प्रतिवेदन र धारा २९४ बमोजिम पेश भएका संवैधानिक निकायको प्रतिवेदनमाथि सभामा छलफल हुनेछ।

(२) उपनियम (१) बमोजिमको छलफल अध्यक्षले निर्धारण गरेको दिन र समयमा हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१७घ. **सम्बन्धित मन्त्रीको जवाफ**: (१) सभामा पेश भएको कुनै प्रस्ताव वा प्रतिवेदनको विषय एकभन्दा बढी मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित भएमा उक्त प्रतिवेदन वा प्रस्तावउपरको छलफलपछि हरेक मन्त्रालयको विषयमा सम्बन्धित मन्त्री उपस्थित भई सभामा जवाफ दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रस्तावको विषय वा प्रतिवेदनका सुझाव वा सिफारिस कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रीको हुनेछ।

२१७ङ. **प्रतिनिधि तोक्नु पर्ने**: (१) यस नियमावली बमोजिमको आकस्मिक समय, शून्य समय, विशेष समय र प्रादेशिक सरोकार समयमा र सभाको अन्य बैठकमा सदस्यले उठाएका विषयको टिपोट गरी सम्बन्धित मन्त्रीलाई जानकारी गराउन नेपाल सरकारका हरेक मन्त्रालयले प्रतिनिधि तोक्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमका प्रतिनिधिलाई सभाको बैठकको सूचना सङ्कलन गर्न मिल्ने गरी सचिवालयले आवश्यक प्रबन्ध मिलाउनेछ।

(३) उपनियम (१) बमोजिम जवाफ प्राप्तिका लागि संसदीय मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयले आवश्यक समन्वय गर्नु पर्नेछ।

२१७च. **प्रत्यायोजित विधायन उपलब्ध गराउने**: (१) ऐनले दिएको अधिकार प्रयोग गरी बनाइएका प्रत्यायोजित विधायन अन्तर्गतका जुनसुकै कानून सम्बन्धित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निकायबाट स्वीकृत भएको पन्ध्र दिनभित्र सदस्यलाई वितरण गर्ने प्रयोजनार्थ सचिव मार्फत सभामा उपलब्ध गराउनु पर्नेछ।

(२) प्रत्यायोजित विधायन बनाउँदा मूल कानूनको मर्म र आशय अनुकूल हुने गरी बने नबनेको वा कानूनी सिद्धान्तको पालना भए नभएको सम्बन्धमा सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले अध्ययन गरी सभामा प्रतिवेदन पेश गर्नेछ।

(३) उपनियम (२) बमोजिमको प्रतिवेदनउपर सभाले छलफल गरी आवश्यकता अनुसारको निर्देशन दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम सभाले निर्देशन दिएमा सम्बन्धित निकायले तत्काल कार्यान्वयन गरी सोको प्रतिवेदन एक महिनाभित्र सचिव मार्फत सभालाई जानकारी गराउनु पर्नेछ र त्यसको अनुगमन सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले गर्नेछ।

२१७छ. **सार्वजनिक नीति उपलब्ध गराउने**: (१) नेपाल सरकारले जारी गर्ने क्षेत्रगत राष्ट्रिय नीति जारी भएको पन्ध्र दिनभित्र सदस्यलाई वितरण गर्ने प्रयोजनार्थ सचिव मार्फत सभामा उपलब्ध गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको नीतिमाथि सभाले छलफल गर्न वा छलफलका लागि सम्बन्धित समितिमा पठाउन सक्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१२०.** **<u>मूल नियमावलीको नियम २१९ मा संशोधन</u>**: मूल नियमावलीको नियम २१९ को,-

(१) उपनियम (१) मा रहेका "निर्णय तथा कारबाहीको अभिलेख" भन्ने शब्दहरूको सट्टा "निर्णय, कार्यवृत, दैनिक कार्यसूची सङ्ग्रह, वाचनपत्र सङ्ग्रह लगायतका अभिलेखको मुद्रण र विद्युतीय प्रति" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः

"(२क) सभा र समितिको अभिलेख सचिवालयले अध्ययन गर्ने प्रयोजनका लागि पुस्तकालयमा र अभिलेख संरक्षणका लागि सचिवालयको अभिलेख हेर्ने विभागमा राख्ने व्यवस्था मिलाउनेछ।"

**१२१.** **<u>मूल नियमावलीको नियम २२० मा संशोधन</u>**: मूल नियमावलीको नियम २२० को,-

(१) उपनियम (१) मा रहेको "आफ्नो मातृभाषामा बोलेको अवस्थामा त्यसलाई" भन्ने शब्दहरूको सट्टा "भाषा आयोगले सिफारिस गरी नेपाल सरकारले निर्णय गरे बमोजिमको भाषा प्रयोग गर्न सक्नेछ र सोको" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) सभाको बैठकको प्रसारण साङ्केतिक भाषामा समेत गर्न सकिनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१२२. मूल नियमावलीको नियम २२१ मा संशोधन**: मूल नियमावलीको नियम २२१ को सट्टा देहायको नियम २२१ राखिएको छः-

"२२१. **पोशाक र प्रतीक**: (१) सदस्यको पोशाक कार्यव्यवस्था परामर्श समितिको परामर्शमा अध्यक्षले तोके बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम पोशाक तोक्दा औपचारिक, मौलिक संस्कृति र परम्परा वा पहिचान झल्किने मर्यादित भेषभूषा वा पोशाक समेतमा ध्यान दिनु पर्नेछ।

(३) सदस्यले लगाउने प्रतीक चिन्ह अनुसूची-१८ मा उल्लेख भए बमोजिम हुनेछ र त्यस्तो प्रतीक चिन्हको सम्मान गर्नु पर्नेछ।"

**१२३. मूल नियमावलीको नियम २२२ मा संशोधन**: मूल नियमावलीको नियम २२२ को,-

(१) उपनियम (१) मा रहेको "लागि" भन्ने शब्दपछि "संविधानको धारा १०७ बमोजिम" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छः-

"(५) सभा र समितिमा छलफलका क्रममा उठेका विषय तथा सभामा व्यक्त सरकारी आश्वासन एवं सभा र समितिका निर्देशनको कार्यान्वयनका सम्बन्धमा सचिवले सचिवालय अन्तर्गतको अध्ययन, अनुसन्धान सम्बन्धी विषय हेर्ने विभागबाट अध्ययन गराई समय समयमा प्रतिवेदन दिनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१२४. <u>मूल नियमावलीको नियम २२४ मा संशोधन</u>**: मूल नियमावलीको नियम २२४ को सट्टा देहायको नियम २२४ राखिएको छः-

"२२४. **<u>प्रतिरक्षा र प्रतिनिधित्वः</u>** (१) सभा वा समितिको कामका सम्बन्धमा अदालतमा प्रश्न उठी सभा वा समिति पक्ष वा विपक्ष भएको कुनै मुद्दामा महान्यायाधिवक्ता वा निज मातहतको सरकारी वकीलबाट सभा वा समितिको प्रतिनिधित्व र प्रतिरक्षा हुनेछ।

(२) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि महान्याधिवक्ताले प्रतिरक्षा गर्न नमिल्ने अवस्थामा सभा वा समितिले छुट्टै कानून व्यवसायी नियुक्त गरी प्रतिनिधित्व र प्रतिरक्षा गर्न, गराउन सक्नेछ।"

**१२५. <u>मूल नियमावलीको नियम २२५ मा संशोधन</u>**: मूल नियमावलीको नियम २२५ को,-

(१) उपनियम (३) र (४) को सट्टा देहायको उपनियम (३) र (४) राखिएका छन्:-

"(३) प्रचलित कानून बमोजिम तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भई पुर्पक्षको लागि थुनामा रहेकोमा त्यस्तो थुनामा रहेको अवधिभर वा अदालतको आदेश बमोजिम पुर्पक्षको लागि थुनामा बस्नु पर्नेमा त्यस्तो थुनामा नबसी फरार रहेको अवधिभर निज निलम्बनमा रहनेछ।

(४) कुनै सदस्यलाई फौजदारी मुद्दामा अदालतको फैसलाले कैदको सजाय हुने ठहर भएकोमा त्यस्तो कैदमा बस्नु पर्ने अवधिभर वा कुनै सदस्यले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फौजदारी मुद्दामा अदालतको फैसला बमोजिम कैदको सजाय भुक्तान गरिरहेकोमा सो अवधिभर वा कुनै सदस्यले कैद भुक्तान गर्न बाँकी रहेमा वा पक्राउ परी कैद भुक्तान नगरेसम्मको अवधिभर त्यस्तो सदस्य स्वतः निलम्बन भएको मानिनेछ।"

(२) उपनियम (४) पछि देहायका उपनियम (५), (६) र (७) थपिएका छन्:-

"(५) उपनियम (३) र (४) बमोजिम निलम्बनमा रहेको सदस्यलाई त्यस्तो अवधिभर सदस्यको हैसियतले कुनै कार्य गर्ने अधिकार हुने छैन र निजको पारिश्रमिक, सेवा र सुविधा रोकिनेछ।

(६) यस नियम बमोजिम पक्राउ परेको सदस्यले सफाइ पाएमा वा थुनामुक्त भएमा निलम्बन फुकुवाको सूचनाको जानकारी अध्यक्षले सदनलाई तत्काल दिनेछ र अधिवेशन चालू नरहेको अवस्थामा सूचनापत्रमा प्रकाशन गरिनेछ।

(७) उपनियम (६) बमोजिम सभामा निलम्बन फुकुवाको सूचनाको जानकारी भएपछि वा सो सम्बन्धी विवरण सूचनापत्रमा प्रकाशित भएको दिनदेखि निजको पारिश्रमिक, सेवा र सुविधा प्राप्त हुनेछ।

तर निलम्बित सदस्यले अभियोगबाट सफाइ पाएमा निजले निलम्बन अवधिको समेत पूरा सेवा सुविधा प्राप्त गर्नेछ।"

**१२६. मूल नियमावलीको नियम २२६क. मा संशोधनः** मूल नियमावलीको नियम २२६क. मा रहेको "सक्नेछ" भन्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शब्दपछि "र उक्त कार्यका लागि सचिवालयले आवश्यक सहयोग तथा व्यवस्थापन गर्नेछ" भन्ने शब्दहरू थपिएका छन्।

**१२७. <u>मूल नियमावलीको नियम २२७ मा संशोधन</u>**: मूल नियमावलीको नियम २२७ को उपनियम (२) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर अध्यक्षले अनुमति दिएका प्रतिनिधि सभाका सदस्य र अन्य व्यक्ति बैठक कक्षमा उपस्थित हुन बाधा पर्ने छैन।"

**१२८. <u>मूल नियमावलीको नियम २२९ मा संशोधन</u>**: मूल नियमावलीको नियम २२९ को उपनियम (१) मा रहेका "सरकार प्रमुख" भन्ने शब्दहरूको सट्टा "सरकार प्रमुख, सभामुख, अध्यक्ष" भन्ने शब्दहरू राखिएका छन्।

**१२९. <u>मूल नियमावलीको नियम २३२ मा संशोधन</u>**: मूल नियमावलीको नियम २३२ को उपनियम (१) मा रहेका "अनुमति लिई" भन्ने शब्दहरू पछि "दुई जना समर्थक सहित" भन्ने शब्दहरू थपिएका छन्।

**१३०. <u>मूल नियमावलीमा नियम २३२क. , २३२ख., २३२ग., २३२घ. र २३२ङ. थप</u>**: मूल नियमावलीको नियम २३२ पछि देहायको नियम २३२क., २३२ख., २३२ग., २३२घ. र २३२ङ. थपिएका छन्:-

"२३२क. **<u>समन्वय बैठक</u>**: (१) अध्यक्ष, उपाध्यक्ष र प्रदेश सभाका सभामुख तथा उपसभामुखहरूको समन्वय बैठक सामान्यतया वर्षमा एक पटक बस्नेछ।

(२) उपनियम (१) बमोजिमको बैठकमा सङ्घीयताको कार्यान्वयन, व्यवस्थापिका सम्बद्ध



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मामिला, सङ्घीय मामिला एवं अन्तरतह समन्वय लगायतका विषयमा छलफल हुनेछ र घोषणापत्र मार्फत नेपाल सरकार तथा प्रदेश सरकारको ध्यानाकर्षण गराउन सक्नेछ।

(३) उपनियम (१) बमोजिमको बैठकमा स्थानीय तहका प्रमुख, उपप्रमुखलाई आवश्यकता अनुसार सहभागी गराउन सकिनेछ।

(४) समिति र प्रदेश सभाका समितिहरूका बीचमा सामान्यतया वर्षमा एक पटक समन्वय बैठक बस्न सक्नेछ। त्यस्तो बैठक बस्नु अघि सम्बन्धित समितिको सभापतिले अध्यक्षलाई जानकारी गराउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको बैठकमा समिति प्रणाली, विधायिकी कार्य, सरकारका काम कारबाहीको निगरानी लगायतका विषयमा अनुभव आदान प्रदान गर्नुका साथै संसदीय समितिको प्रभावकारिताका आयामहरूमाथि छलफल तथा अन्तरक्रिया गर्न सकिनेछ।

(६) सम्बन्धित प्रदेशबाट निर्वाचित सदस्यहरूले सामूहिक रूपमा अध्यक्षसँग अनुमति लिई सामान्यतया वर्षमा एक पटक सम्बन्धित प्रदेश सभाका सदस्य तथा स्थानीय तहका प्रमुख, उपप्रमुखसँग समन्वय बैठक गरी विकास निर्माण, स्वास्थ्य, शिक्षा, विपद् व्यवस्थापन लगायतका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सार्वजनिक हित र सरोकारका विषयमा छलफल तथा अन्तरक्रिया गर्न सक्नेछन्।

(७) उपनियम (१), (४) र (६) बमोजिमको बैठकका लागि सचिवालयले आवश्यक सहयोग गर्नेछ।

२३२ख. **प्रविधिको प्रयोग गरी बैठक बस्न सकिने**: (१) प्राकृतिक प्रकोप वा महामारीको कारण भौतिक उपस्थितिमा बैठक बस्न सम्भव छैन भन्ने कुरामा सभाका कम्तीमा एक चौथाइ सदस्य सहमत भई सो कुरा लिखित वा विद्युतीय माध्यमबाट अध्यक्षलाई जानकारी गराएमा आवश्यकता अनुरुप कार्यव्यवस्था परामर्श समितिको परामर्शमा अध्यक्षले सूचना प्रविधिको प्रयोगबाट (भर्चुअल) बैठकको आह्वान गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको परिस्थितिमा समितिको बैठक बस्नु परेमा अध्यक्षको अनुमति लिई सभापतिले सूचना प्रविधिको प्रयोग गरी (भर्चुअल) बैठक आह्वान गर्न र सञ्चालन गर्न सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम बस्ने बैठकको कार्यविधि अध्यक्षले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपनियम (१) र (२) बमोजिमको बैठकको अभिलेख सभाको हकमा सचिव र समितिको हकमा सभापति र समिति सचिवले प्रमाणित गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३२ग. **कार्यतालिका बनाई लागू गर्न सक्ने**: सभा तथा समितिले सुव्यवस्थित ढङ्गले कार्यसम्पादन गर्ने सम्बन्धमा कार्यतालिका बनाई लागू गर्न सक्नेछ।

२३२घ. **परामर्श लिन सकिने**: सभा वा समितिको काम कारबाहीमा सभाका पूर्वसदस्यहरू वा व्यवस्थापिकीय भूमिकामा अनुभव हासिल गरेका व्यक्ति वा त्यस्ता व्यक्तिहरूको सङ्गठित संस्थाबाट राय परामर्श लिन सकिनेछ।

२३२ङ. **महिला समन्वय समिति**: (१) लैङ्गिक मामिलामा समान धारणा बनाउन तथा त्यस्ता धारणालाई बहस पैरवीमा ल्याउन महिला समन्वय समिति रहनेछ।

(२) उपनियम (१) बमोजिमको समिति गठन गर्दा समितिले गर्नु पर्ने काम र समितिमा रहने बढीमा नौ जना महिला सदस्यको नामावली समावेशी प्रतिनिधित्वका आधारमा कार्यव्यवस्था परामर्श समितिको परामर्शमा अध्यक्षले बैठकमा प्रस्तुत गर्नेछ।

(३) उपनियम (२) बमोजिमको प्रस्तावमा सभाबाट सहमति प्राप्त भएपछि समिति गठन हुनेछ र समितिका सदस्यहरूले आफूहरूमध्येबाट संयोजक चयन गर्नेछन्।

(४) यस नियम बमोजिम गठन हुने समितिका संयोजक तथा सदस्यहरूको कार्यकाल दुई वर्षको हुनेछ र कार्यकालको गणना संविधानको धारा ८६ को उपधारा (५) बमोजिम प्रत्येक एक तिहाइ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सदस्यको निर्वाचित हुने वर्षको फागुन २१ गतेबाट सुरू हुनेछ।

(५) समितिका संयोजक तथा सदस्यको पद रिक्त भएमा उपनियम (३) बमोजिमको प्रक्रियाबाट पूर्ति गरिनेछ।

(६) यस नियम बमोजिमको समन्वय समितिको बैठक व्यवस्थापनमा सचिवालयले आवश्यक सहयोग गर्नेछ।"

**१३१. <u>मूल नियमावलीको अनुसूचीमा संशोधन</u>**: मूल नियमावलीको,-

(१) अनुसूची-२ मा रहेका "नियम ९" भन्ने शब्दहरूको सट्टा "नियम २१७क. को उपनियम (१)" भन्ने शब्दहरू राखिएका छन्।

(२) अनुसूची-४ मा रहेका "नियम १५० को उपनियम (११) र नियम १६८ को उपनियम (४)" भन्ने शब्दहरूको सट्टा "नियम २१७क. को उपनियम (२)" भन्ने शब्दहरू राखिएका छन्।

(३) अनुसूची-७ झिकिएको छ।

(४) अनुसूची-७ पछि अनुसूची-८, अनुसूची-९, अनुसूची-१०, अनुसूची-११, अनुसूची-१२, अनुसूची-१३, अनुसूची-१४, अनुसूची-१५, अनुसूची-१६, अनुसूची-१७ र अनुसूची-१८ थपिएका छन् ।

**१३२. <u>खारेजी</u>:** मूल नियमावलीको नियम ९ र परिच्छेद-२७ खारेज गरिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**"अनुसूची-८**

(नियम ६६ को उपनियम (१) सँग सम्बन्धित)

**जरुरी सार्वजनिक महत्त्वको प्रस्तावको सूचना**

श्री सचिव,
राष्ट्रिय सभा,
सङ्घीय संसद, नेपाल।

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ६६ को उपनियम (१) बमोजिम देहायको जरुरी सार्वजनिक महत्त्वको विषयमाथि सभामा छलफल गर्न यो सूचना दिएको छु।

**जरुरी सार्वजनिक महत्त्वको विषयः**
**प्रस्ताव पेश गर्नुपर्नाको कारणः**
**सम्बन्धित मन्त्रीः**

**प्रस्तावकः**
हस्ताक्षरः
नाम, थरः
सदस्य क्रम सङ्ख्याः

**समर्थकः**

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम, थरः | नाम, थरः |
| सदस्य क्रम सङ्ख्याः | सदस्य क्रम सङ्ख्याः |

मितिः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-९

(नियम ६७ को उपनियम (२) सँग सम्बन्धित)

**ध्यानाकर्षण प्रस्तावको सूचना**

श्री सचिव,
सङ्घीय संसद सचिवालय
राष्ट्रिय सभा ।

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ६७ बमोजिम देहायको जरुरी सार्वजनिक महत्त्वको विषयका सम्बन्धमा ..................मन्त्री नेपाल सरकारको ध्यानाकर्षण गराउन यो सूचना दिएको छु ।

**ध्यानाकर्षणको विषयः**

**प्रस्ताव पेश गर्नु पर्नाको कारणः**

**सम्बन्धित मन्त्रीः**

**प्रस्तावकः**
हस्ताक्षरः
नाम, थरः
सदस्य क्रम सङ्ख्याः

**समर्थकः**

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम, थरः | नाम, थरः |
| सदस्य क्रम सङ्ख्याः | सदस्य क्रम सङ्ख्याः |

मितिः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-१०

(नियम ७३ को उपनियम (२) सँग सम्बन्धित)

**स्थगन प्रस्तावको सूचना**

सम्माननीय अध्यक्षज्यू,
राष्ट्रिय सभा,
सङ्घीय संसद, नेपाल।

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ७३ बमोजिम देहायको अत्यन्त जरुरी सार्वजनिक महत्त्वको विषयमाथि छलफल गर्नु पर्ने भएकोले आजको बैठकको कार्यक्रम स्थगित गरियोस् भन्ने प्रस्ताव पेश गर्ने अनुमतिको लागि यो सूचना दिएको छु/छौं ।

**छलफल गर्नु पर्ने अत्यन्त जरूरी सार्वजनिक महत्त्वको विषयः**

**छलफल गर्नु पर्नाको कारणः**

**प्रस्तावकः**
हस्ताक्षरः
नाम, थरः
सदस्य क्रम सङ्ख्याः

**समर्थकः**

हस्ताक्षरः
नाम, थरः
सदस्य क्रम सङ्ख्याः

हस्ताक्षरः
नाम, थरः
सदस्य क्रम सङ्ख्याः

मितिः



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-११

(नियम ७९ को उपनियम (१) सँग सम्बन्धित)

**<u>सङ्कल्प प्रस्तावको सूचना</u>**

श्री सचिव,
राष्ट्रिय सभा,
सङ्घीय संसद, नेपाल।

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ७९ को उपनियम (१) बमोजिम देहायको सङ्कल्प प्रस्ताव पेश गर्न अनुमतिका लागि सूचना दिएको छु/छौं।

**सङ्कल्प प्रस्तावको विषयः**
**सङ्कल्प प्रस्तावको व्यहोराः**
**सङ्कल्प प्रस्ताव प्रस्तुत गर्नु पर्नाको कारणः**
**सङ्कल्पः**
**सम्बन्धित मन्त्रीः**

**<u>प्रस्तावकः</u>**
हस्ताक्षरः
नाम, थरः
सदस्य क्रम सङ्ख्याः

**<u>समर्थकः</u>**

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम, थरः | नाम, थरः |
| सदस्य क्रम सङ्ख्याः | सदस्य क्रम सङ्ख्याः |

मितिः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-१२

(नियम ८९ को उपनियम (१) सँग सम्बन्धित)

**<u>अध्यादेश अस्वीकार गर्ने सूचना</u>**

श्री सचिव,

राष्ट्रिय सभा,

सङ्घीय संसद, नेपाल।

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८९ बमोजिम मिति ..................मा सभामा पेश भएको अध्यादेश देहायको कारणले अस्वीकार हुनु पर्ने देखी यो सूचना पेश गर्दछु ।

**अध्यादेशको नामः** ..............................................................

| क्र.स. | अध्यादेश अस्वीकृत गर्नु पर्नाको कारण |
|---|---|
| | |

**दस्तखतः**...........................................

**नाम, थरः** ..............................................

**क्रम सङ्ख्याः**....................................

**मितिः** ..............................................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-१३

(नियम ९९ सँग सम्बन्धित)

**विधेयकमाथि विरोधको सूचना**

श्री सचिव,
राष्ट्रिय सभा,
सङ्घीय संसद, नेपाल ।

म राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९८ बमोजिम मिति ........./......./........ मा वितरण भएको विधेयकमाथि सोही नियमावलीको नियम ९९ बमोजिम देहायका कारणहरू सहित विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावको विरोधको सूचना पेश गर्दछु।

**विधेयकको नामः** ...................................................................

| क्र.स. | विरोध गर्नु पर्नाको कारण |
|---|---|
| | |

**नाम, थरः** ..................................................

**दस्तखतः** ..................................................

**क्रम सङ्ख्याः** ..........................................

**मितिः** ......................................................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-१४

(नियम १०६ उपनियम (१) सँग सम्बन्धित)

**<u>विधेयकमा संशोधनको सूचना</u>**

श्री सचिव,
राष्ट्रिय सभा,
सङ्घीय संसद, नेपाल।

म/हामी राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ को उपनियम (१) बमोजिम र नियम १०७ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको विधेयकमा देहाय बमोजिमका संशोधन पेश गर्न चाहन्छु/चाहन्छौं।

**विधेयकको नामः** ...........................................................

| क.स. | विधेयकको | | | | संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|
| | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | |

(१) **नाम, थरः** ............. **दस्तखतः** .................. **क. सं.** ......
(२) **नाम, थरः** ............. **दस्तखतः** ................. **क. सं.**.........
(३) **नाम, थरः** ............. **दस्तखतः** .................. **क. सं.**.......
**मितिः** ......................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

## अनुसूची-१५

(नियम १३२ को उपनियम (४) सँग सम्बन्धित)

**अर्थ विधेयकमा सुझावको सूचना**

श्री सचिव,
राष्ट्रिय सभा,
सङ्घीय संसद, नेपाल।

म/हामी राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम र नियम १०७ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको अर्थ विधेयकमा देहाय बमोजिमका सुझाव पेश गर्न चाहन्छु/चाहन्छौं ।

**विधेयकको नामः** ...............................................................

| क्र.स. | विधेयकको | | | | सुझावको व्यहोरा |
|---|---|---|---|---|---|
| | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | |

(१) **नाम, थरः** .................... **दस्तखतः** ............... **क्र. सं.** ......
(२) **नाम, थरः** .................... **दस्तखतः** .............. **क्र. सं.** ......
(३) **नाम, थरः** .................... **दस्तखतः** ............... **क्र. सं.** ......
**मितिः** .....................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-१६

(नियम १३६ सँग सम्बन्धित)

**खर्च कटौतीको प्रस्तावको सूचना**

श्री सचिव,

राष्ट्रिय सभा,

सङ्घीय संसद, नेपाल।

म/हामी राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३५ को अधीनमा रही विनियोजन विधेयक, ............ माथि देहाय बमोजिम खर्च कटौतीको प्रस्ताव पेश गर्न चाहन्छु/चाहन्छौं ।

| क्र.सं. | शीर्षक | खर्च कटौतीको प्रस्ताव | खर्च कटौती गर्नु पर्नाको कारण |
|---|---|---|---|
| १ | | शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ गरियोस् | |
| २ | | शीर्षकको खर्च रकममा उल्लिखित खर्च रकम घटाइयोस् | |
| ३ | | शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस् | |

(१) नाम, थरः........ राजनीतिक दलः....... दस्तखतः........ क्र. सं...

(२) नाम, थरः........ राजनीतिक दलः....... दस्तखतः....... क्र. सं...

(३) नाम, थरः....... राजनीतिक दलः........ दस्तखतः....... क्र. सं...

**मितिः** ................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-१७

(नियम २१७क. को उपनियम (३) सँग सम्बन्धित)

**शपथ**

म (सम्बन्धित सदस्यको पूरा नाम)................................ मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु, ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रहँदै राष्ट्रिय सभाको सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी ईमान्दारीका साथ गर्नेछु।

मितिः-

दस्तखतः-

नाम, थरः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

## अनुसूची-१८

(नियम २२१ को उपनियम (३) सँग सम्बन्धित)

**प्रतीक चिह्न**

**<u>द्रष्टव्य</u>**: यो प्रतीक चिन्ह आवश्यकता अनुसार ठूलो वा सानो बनाउँदा समानुपात कायम गरी बनाउन सकिनेछ।"

**आज्ञाले,**
**पद्म प्रसाद पाण्डेय**
**महासचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.६०/-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग